जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १२७ • २०८३ साल आश्विन ८ गते बिहीबार (24 September, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बाढीबाट बच्न पूर्वसतर्कता अपनाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशसहित देशका विभिन्न क्षेत्रमा आगामी तीन दिन भारी वर्षा हुनसक्ने पूर्वानुमानपछि स्थानीय प्रशासनले बाढी, डुबान तथा अन्य प्राकृतिक विपद्बाट बच्न सर्वसाधारणलाई पूर्वसतर्कता अपनाउन आग्रह गरेको छ।

मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले शुक्रबारदेखि तीन दिनसम्म मधेश प्रदेशसहित देशका विभिन्न भू-भागमा मौसम सक्रिय रहने जनाएको छ। यस अवधिमा हावाहुरीसँगै मेघगर्जन, चट्याङ तथा भारी वर्षा हुनसक्ने भएकाले सम्भावित जोखिमबाट जोगिन आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ।

भारी वर्षाका कारण नदी, खोला तथा खोल्सामा पानीको बहाव बढ्न सक्ने र तराईका होचा तथा डुबानको जोखिम भएका क्षेत्रमा बाढी तथा जलमग्नताको समस्या आउन सक्ने सम्भावना रहेको छ। वर्षाको अवस्था र नदीमा पानीको बहावअनुसार जोखिम थप बढ्नसक्ने भएकाले स्थानीय तह तथा सुरक्षा निकायलाई समेत उच्च सतर्कतामा रहन भनिएको छ।

मधेश प्रदेशमा विगतमा बाढीका कारण जनधनको क्षति हुँदै आएको स्मरण गर्दै जिल्ला प्रशासन कार्यालयले सम्भावित विपद्बाट जोगिन समयमै पूर्वतयारी गर्न सर्वसाधारणलाई मधेश प्रदेश सरकारले आग्रह गरेको छ।

विपद्का बेला हुने क्षति न्यूनीकरणका लागि पूर्वसचेतना र सामूहिक तयारी आवश्यक रहेको गृह, कानुन तथा सञ्चार मन्त्रालयले जनाएको छ। मधेश प्रदेशको रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरीलगायतका जिल्लामा विगतमा विभिन्न नदी तथा खोलामा आएको बाढी बस्तीमा पस्दा डुबान हुने गरेको अनुभव रहेकाले विगतका घटनाबाट पाठ सिकेर यसपटक समयमै सचेत रहनु पर्ने जनाएको छ।

प्रधानमन्त्री बालेन्द्र साह, मधेश प्रदेश सरकारदेखि स्थानीय तहले समेत सर्वसाधारणलाई तीन दिनसम्म सावधानी अपनाउन आग्रह गरेका छन्।

## नोभेम्बरमा भारत जाँदै प्रधानमन्त्री बालेन

# जनकपुरधाम- अयोध्यादेखि उर्जा, पूर्वाधार, पुनर्निर्माणसम्मको एजेण्डा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र (बालेन) साह आगामी नोभेम्बरमा भारतको औपचारिक भ्रमण गर्ने भएको छ। भारतीय सञ्चारमाध्यम आजतकले प्रधानमन्त्री साहको भारत भ्रमण नोभेम्बर २३ देखि २५ सम्म गर्ने गरी तयारी भइरहेको जनाएको छ। यद्यपि भ्रमणको मिति दुबै देशका तर्फबाट औपचारिक रूपमा सार्वजनिक भइसकेको छैन।

भारतीय सञ्चारमाध्यमले जनाए अनुसार प्रस्तावित भ्रमण प्रधानमन्त्री साहको पहिलो औपचारिक द्विपक्षीय विदेश भ्रमण हुनेछ । संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन उनी अहिले अमेरिका भ्रमणमा रहेकाले अमेरिकाको भ्रमण उनको पहिलो विदेश भ्रमण भए पनि भारत भ्रमणलाई पहिलो औपचारिक द्विपक्षीय भ्रमणका रूपमा लिइएको छ । नेपाल सरकारले प्रधानमन्त्री साहको नेतृत्वमा संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुने प्रतिनिधिमण्डलको भ्रमण यसअघि नै स्वीकृत गरेको थियो।

प्रधानमन्त्री साहलाई भारत सरकारले गत जुलाईमै भ्रमणका लागि औपचारिक निम्तो दिएको पुष्टि गरेको थियो । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले पत्रकार सम्मेलनमार्फत प्रधानमन्त्री साहलाई भारत भ्रमणको निम्तो दिइएको बताएका थिए। त्यसबेला भ्रमणको सम्भावित मिति भने सार्वजनिक गरिएको थिएन।

अहिले आएर नोभेम्बरको अन्तिम साता भ्रमणको तयारी भइरहेको विवरण सार्वजनिक भएपछि काठमाण्डु-नयाँदिल्ली सम्बन्धमा प्रधानमन्त्री शाहको पहिलो औपचारिक भारत भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ।

प्रस्तावित भ्रमणका क्रममा नेपाल-भारत सम्बन्धका आर्थिक तथा पूर्वाधारसँग सम्बन्धित विषय प्रमुख रूपमा उठ्ने सम्भावना रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

नेपाल-भारत कनेक्टिभिटी, उर्जा, व्यापार, पूर्वाधार तथा बाढीपछिको पुनर्निर्माणका विषयमा छलफल हुने बताइएको छ। भारत र नेपालबीच पछिल्ला महिनामा आर्थिक तथा ऊर्जा सहकार्यका विषयमा उच्चस्तरीय संवाद पनि जारी छ।



रेल कनेक्टिभिटीतर्फ रक्सौल-काठमाण्डु ब्रोडगेज रेलमार्गको विषय महत्वपूर्ण बन्न सक्ने देखिन्छ । दुई देशका अधिकारीहरूबीच यस परियोजनाको अन्तिम लोकेसन सर्भे रिपोर्टलगायत विषयमा छलफल भइसकेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

त्यस्तै जनकपुरधाम-अयोध्या यात्रुवाहक रेल सेवा सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने विषय पनि भ्रमणका क्रममा उठ्न सक्ने जनाइएको छ।

उर्जा क्षेत्रमा नेपालले आगामी वर्षहरूमा ठूलो परिमाणमा जलविद्युत तथा स्वच्छ उर्जा उत्पादन र भारततर्फ निर्यात विस्तार गर्ने लक्ष्य राखेको छ। हालै भारत भ्रमण गरेका अर्थमन्त्री स्वर्णिम वाग्ले र भारतीय पक्षबीच पनि आर्थिक विकास, स्वच्छ ऊर्जा, कनेक्टिभिटी तथा पूर्वाधार सहकार्यका विषयमा छलफल भएको थियो।

प्रस्तावित भारत भ्रमणको अर्को महत्वपूर्ण विषय बाढी तथा प्राकृतिक विपत्तिपछिको पुनर्निर्माण हुन सक्ने जनाएको छ।

नेपालमा आएको विपत्तिपछि भारतले मानवीय सहायता तथा उद्धार सामग्री उपलब्ध गराएको थियो। पछिल्लो समय दुबै देशबीच विपद् व्यवस्थापन, पुनर्निर्माण र पूर्वाधार सहयोगका विषयमा पनि संवाद भइरहेको छ।

प्रधानमन्त्री साहको भ्रमणमा तत्कालीन राहतभन्दा दीर्घकालीन पुनर्निर्माण, सीमा क्षेत्रमा पूर्वाधार र विपद् प्रतिरोधी संरचनासम्बन्धी सहकार्यका विषयले समेत स्थान पाउन सक्ने सम्भावना छ।

प्रधानमन्त्री साहको भारत भ्रमण टुंगो लाग्न ढिलाइ भइरहेका बेला सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछाने भारत पुगेका थिए।

लामिछाने भारतीय जनता पार्टी(भाजपा) को निमन्त्रणामा भारत पुगेका थिए । उनको भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह तथा अन्य भारतीय राजनीतिक नेतृत्वसँग भेटवार्ता भएको थियो।

यसअघि नै प्रधानमन्त्री साहलाई भारत भ्रमणको निम्तो दिइसकिएको अवस्थामा सत्तारूढ दलका सभापति लामिछानेको भारत भ्रमण पहिले हुनु स्वाभाविक रूपमा राजनीतिक र कूटनीतिक चासोको विषय बनेको थियो। कतिपय भारतीय सञ्चारमाध्यम तथा विश्लेषणहरूले यसलाई नेपालसँग राजनीतिक सम्पर्क विस्तार गर्ने भारतको प्रयासका रूपमा व्याख्या गरेका छन्।

हालै अर्थमन्त्री स्वर्णिम वाग्लेले भारत भ्रमण गरी भारतीय अर्थमन्त्री निर्मला सीतारमण तथा विदेशमन्त्री एस जयशंकरसँग भेटवार्ता गरेका थिए। उक्त भेटमा आर्थिक विकास, उर्जा, कनेक्टिभिटी, लगानी तथा व्यापारलगायत विषयमा छलफल भएको थियो।

अहिले प्रधानमन्त्री साह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका पुगेका छन् । नेपाल सरकारले उनको नेतृत्वमा महासभा प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गरेको थियो।

अमेरिका भ्रमणपछि नोभेम्बरमा भारत जाने सम्भावित कार्यक्रम प्रधानमन्त्री साहको कूटनीतिक सक्रियताको अर्को महत्वपूर्ण चरण बन्नेछ।

# मधेश प्रदेशमै छापिन थाल्यो सवारी चालक अनुमतिपत्र

**टुडे समाचारदाता**



जनकपुरधाम। मधेश प्रदेशले आफ्नै प्रदेशभित्र सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ गरी वितरण गर्ने व्यवस्था शुरु गरेको छ । सातवटै प्रदेशमध्ये मधेश प्रदेशले पहिलोपटक आफ्नै सुरक्षण मुद्रण केन्द्रबाट स्मार्ट कार्डमा आधारित सवारी चालक अनुमतिपत्र छपाइ गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयमार्फत सेवाग्राहीलाई वितरण गर्ने प्रक्रिया अघि बढाएको छ।

श्रम तथा यातायात मन्त्रालयले प्रदेशको आफ्नै सुरक्षण मुद्रण केन्द्रबाट छपाइ गरिएका सवारी चालक अनुमतिपत्र सम्बन्धित आठवटै जिल्लाका यातायात व्यवस्था कार्यालयका प्रमुखलाई हस्तान्तरण गरेको छ। मन्त्रालयले पहिलो चरणमा छपाइ सम्पन्न भएका ३ हजार ८१ थान स्मार्ट कार्ड सम्बन्धित जिल्लाका कार्यालय प्रमुखलाई हस्तान्तरण गरेको छ।

श्रम तथा यातायातमन्त्री शारदा देवी थापाले आठवटै जिल्लाका यातायात व्यवस्था कार्यालयका प्रमुखलाई स्मार्ट कार्ड हस्तान्तरण गर्दै प्रदेशमै लाइसेन्स छपाइ र वितरणको औपचारिक सुरुवात गरिन्।

पहिलो चरणमा राजविराजका लागि ५२ थान, सिरहाका लागि ४६० थान, महोत्तरीका लागि ३०३ थान, धनुषाका लागि ९३२ थान, सर्लाहीका लागि ३२ थान, रौतहटका लागि ११९ थान, बाराका लागि ११ थान र पर्साका लागि १ हजार १७२ थान सवारी चालक अनुमतिपत्र सम्बन्धित कार्यालयका प्रमुखलाई हस्तान्तरण गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्री थापाले दिएको जानकारी अनुसार अब सवारी चालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले लामो समयसम्म लाइसेन्सका लागि कुर्नुपर्ने अवस्था क्रमशः अन्त्य हुनेछ । परीक्षा उत्तीर्ण गरेको एक सातामै सम्बन्धित यातायात व्यवस्था कार्यालयले स्मार्ट कार्ड तयार गरी स्थानीय तहमा पठाउने र सेवाग्राहीले आफ्नै पालिकाबाट लाइसेन्स प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने उनले बताइन्।

मन्त्री थापाले मधेश प्रदेशमै लाइसेन्स छपाइ हुन थालेपछि परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले लाइसेन्स प्राप्त गर्न लामो समयसम्म कुर्नुपर्ने अवस्थालाई क्रमशः अन्त्य गर्न सहयोग पुग्ने अपेक्षा व्यक्त गरिन्।

सेवाग्राहीको सुविधालाई केन्द्रमा राखेर प्रदेश सरकारले लाइसेन्स वितरण प्रक्रियालाई सहज बनाउन पहल थालेको मन्त्री थापाको भनाइ छ । उनले नयाँ व्यवस्थाबाट सेवाग्राहीले यातायात कार्यालयमा घण्टौं लाइनमा बसेर तथा वर्षौंसम्म लाइसेन्सको प्रतीक्षा गर्नुपर्ने बाध्यता हट्ने दाबी गरिन्।

उनले छपाइ गरिएका चालक अनुमतिपत्र स्थानीय तहसँग सहकार्य गरी वडासम्म पुर्‍याएर जनताको घरदैलोमै वितरण गर्ने तयारी भइरहेको बताइन्।

उनले जनाए अनुसार सवारी चालक अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेपछि केही दिनमै सम्बन्धित यातायात व्यवस्था कार्यालयले स्मार्ट कार्ड तयार गर्ने र त्यसलाई स्थानीय तहसम्म पठाउने व्यवस्था मिलाइनेछ । यसबाट सेवाग्राहीले आफ्नो पालिकाबाटै लाइसेन्स प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्ने प्रदेश सरकारको तयारी उनको भनाइ छ।

प्रदेशमै रहेको सुरक्षण मुद्रण केन्द्रको प्रयोग गरी सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरणको प्रक्रिया शुरु गर्न पाएकोमा मन्त्री थापाले खुसी व्यक्त गरिन्।

मन्त्रालयका निमित्त प्रदेश सचिव रञ्जित कुमार यादवले अब ट्रायल परीक्षा उत्तीर्ण गरेका सेवाग्राहीले करिब एक साताभित्र सवारी चालक अनुमतिपत्र प्राप्त गर्न सक्ने दाबी गरे।

यसअघि सवारी चालक अनुमतिपत्र छपाइका लागि संघीय सरकार मातहतको प्रक्रियामा निर्भर रहनुपर्ने भएकाले छपाइ र वितरणमा समय लाग्ने गरेको उनको भनाइ छ। अब भने प्रदेश सरकारले आवश्यक संख्यामा लाइसेन्स छपाइका लागि प्रदेशकै सुरक्षण मुद्रण केन्द्रमा पठाउन सक्ने भएकाले प्रक्रिया छोटो हुने अपेक्षा गरिएको छ।

का अनुसार मधेश प्रदेशभर वितरण हुने सवारी चालक अनुमतिपत्र अब प्रदेशकै सुरक्षण मुद्रण केन्द्रबाट छपाइ गरिने भएको छ।

उनले अब ट्रायल पास गरेकाहरूले एक सातमै आफ्नो लाइसेन्स पाउने दाबी गरे। निमित्त सचिव यादवले भने, 'विगतमा संघीय सरकार मातहत छपाइमा जाँदा केही समय लाग्थ्यो, तर अब हामी आफैँ संख्या तोकेर प्रिन्टका लागि सुरक्षण केन्द्रमा पठाउँछौँ। निश्चित समयमा छपाइ भएर आउने हुँदा पहिलाजस्तो लाइसेन्स पाउन समय लाग्दैन।'

यातायात व्यवस्था कार्यालय जनकपुरका प्रमुख बासुदेव मल्लले प्रदेश सरकारबाटै छपाइको काम शुरु भएकाले सेवाग्राहीलाई अब कठिनाइ नहुने बताए।

मधेश प्रदेशका आठवटै जिल्लाबाट सेवा लिने सेवाग्राहीलाई लक्षित गरी शुरु गरिएको उक्त व्यवस्थाले लाइसेन्स छपाइ तथा वितरणमा हुने ढिलाइ कम गर्ने र सेवाग्राहीलाई स्थानीय तहमै सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ। पहिलो चरणमा हस्तान्तरण गरिएका स्मार्ट कार्ड सम्बन्धित यातायात व्यवस्था कार्यालयले प्रक्रिया पूरा गरी पालिकास्तरमै सेवाग्राहीको घरदैलोमै सेवा उपलब्ध गराउने भएको छ।



# यातायात कार्यालय जनकपुरधाममा दलालको दबदबा

**टुडे समाचारदाता**

जनकपुरधाम । यातायात व्यवस्था कार्यालय जनकपुरधाममा बिचौलियाहरु हावी भएको जनगुनासो बढन थालेको छ । यातायात व्यवस्था कार्यालय पुग्ने सेवाग्राहीले कार्यालयभित्रै दलालको दबदबा रहेको गुनासो सहितका विभिन्न दृश्यहरु सामाजिक सञ्जालमै राखेका छन् ।



सेवा लिन कार्यालय पुगेका सर्वसाधारण लामो समयसम्म लाइनमा बस्नुपर्ने अवस्था रहेपनि दलालमार्फत आउने व्यक्तिको काम भने सहज रूपमा हुने गरेको उनीहरूको गुनासो छ । कार्यालयको सेवा कक्षदेखि विभिन्न शाखासम्म दलालको दबदबा रहेको बताइएको छ ।

सर्वसाधारण सेवाग्राही झ्यालबाहिर लाइनमा बसेर आफ्नो पालो कुर्न बाध्य भइरहेका बेला दलालहरू भने कार्यालयभित्रै प्रवेश गरी कर्मचारीसँग प्रत्यक्ष सम्पर्क गरेर काम गराउने गरेको दृश्य सहितको भिडियो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ ।

कार्यालयमा सेवा लिन पुगेका रामकुमार यादवले आफू बिहानैदेखि लाइनमा बसे पनि आफ्नो पालो आउन निकै समय लागेको बताए । तर, आफूभन्दा पछि आएका केही व्यक्तिले कार्यालयका कर्मचारीसँग प्रत्यक्ष सम्पर्क गरेर कागजात बुझाउने र काम गराउने गरेको उनले बताए ।

'हामी सर्वसाधारण लाइनमा घण्टौं उभिनुपर्ने, तर चिनजान भएका वा दलालमार्फत आएका मानिसहरू सिधै भित्रै गएर काम गराउने अवस्था छ,' उनले भने ।

त्यस्तै, कविता साहले आफूलाई कार्यालयको प्रक्रिया र आवश्यक कागजातबारे स्पष्ट जानकारी नहुँदा पटकपटक कार्यालय धाउनुपरेको बताइन्। उनका अनुसार कार्यालयमा सेवाग्राहीलाई प्रक्रिया बुझाउनेभन्दा पनि दलालमार्फत काम गराउन प्रोत्साहन हुने वातावरण देखिएको ।

'कुन शाखामा जाने, कुन कागज चाहिन्छ भन्ने कुरा बुझ्नै गाह्रो हुन्छ । दलालसँग गएपछि सबै काम छिटो हुन्छ भन्ने कुरा यहाँ आउनेबित्तिकै सुनिन्छ,' उनले भनिन् ।

यातायात कार्यालयमा देखिने यस्तो अवस्थाले सरकारी सेवा लिन आउने सर्वसाधारण र बिचौलियामार्फत सेवा लिन खोज्नेहरूबीच असमान अवस्था सिर्जना गरेको सेवाग्राहीको गुनासो छ । कार्यालय परिसरमा खुलेआम रूपमा दलालको गतिविधि हुने गरेको भए पनि त्यसलाई नियन्त्रण गर्न सरोकारवाला निकाय मौन देखिएको छ ।

सवारी चालक अनुमतिपत्र, नवीकरण, नामसारी, राजस्व भुक्तानी तथा अन्य यातायातसम्बन्धी सेवाका क्रममा बिचौलियाको सक्रियता देखिने गरेको सेवाग्राही बताउँछन् । कार्यालयको आधिकारिक प्रक्रिया सहज, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सके दलालको आवश्यकता नै नपर्ने उनीहरूको भनाइ छ ।

# पानीको स्रोत पुनर्भरण पोखरी

महोत्तरी । चुरे शिखरको उद्गमस्थलदेखि पूर्वपश्चिम राजमार्गको रातुपुलबाट एक किलोमिटर दक्षिणसम्म रातु नदीले महोत्तरी र धनुषा जिल्ला छुट्याउँछ । करिब २८ किलोमिटरको यो दूरीबीच नदीका दायाँबायाँका वन क्षेत्रमा निर्मित पोखरी चुरेकाछका मात्र नभएर तलसम्मकै बस्तीका लागि जीवनदायिनी बनेका छन् । रातु वारिपारिका यो क्षेत्रमा २१३ पुनर्भरण पोखरी छन् ।



गत वर्ष कम पानी पर्‍यो । धेरै ठाउँका पानीका स्रोतका मुहान सुकेर खानेपानीकै समस्या भयो । तर रातु नदीको पानी नै खानेपानीको स्रोत रहेका रातु वारिपारिका २० भन्दा बढी बस्तीमा पानीको समस्या भएन ।

महोत्तरी र धनुषा दुवैतर्फ रातु वारिपारिका नदी किनार, बस्ती छेउछाउ र वन क्षेत्रमा बाक्लै पोखरी भएपछि पछिल्ला पाँच-सात वर्षयता खानेपानीका लागि समस्या नआएको यहाँका बासिन्दा बताउँछन् । बर्दिबास-१, २, ३, ६, ७, ८ र १४ नम्बर वडाका खानेपानीका धारा रातु नदीकै मुहानबाट डोहोर्‍याउँदै भण्डारण गरिएको टङ्याकीबाट घरघरै वितरण गरिएको छ । यसैगरी धनुषातर्फ मिथिला नगरपालिका-११ का लोटाहा, दूधपानी, बाहुनमारा, विशम्भर, तुलसी र ढाँडखोला बस्तीका लागि खानेपानीको स्रोत रातु नदी हो । यसैगरी मिथिला-९ र १० लालगढका १० भन्दा बढी टोलबस्तीका बासिन्दा खानेपानीमा रातु नदीमै आश्रित छन् ।

"बर्दिबास र मिथिलाका गरेर सानाठूला २० बस्तीका करिब ३० हजार जनसङ्ख्याको प्रत्यक्ष रुपमै खानेपानीको स्रोत रातु नदी रहेको छ, यसको मुहान सुके खानेपानीको हाहाकार पर्छ", मिथिला-१० लालगढकी सामाजिक अगुवा महिला मञ्जु रिसाल भन्नुहुन्छ, "पहिले त यो जङ्गलमा बनाइने पोखरीको महत्व थाहा थिएन, पछि बुझियो हाम्रो खानेपानीको स्रोतको मुहान रसाइराख्न यी पोखरीको निकै महत्व रहेछ ।" वन क्षेत्रमा बाक्लै खनिएका यिनै पोखरीमा भरिएको पानीले नदीको मुहान रसाइराख्न मद्दत गर्दोरहेछ भन्ने बुझेपछि समुदायले आफ्नै प्रयासबाट पनि ससाना डबरा (सानो पोखरी) सखार्ने र सरसफाइ गर्ने गरिएको उहाँले बताउनुभयो ।

रातु नदी वारिपारिका यी क्षेत्रमा चुरे, जलाधार क्षेत्र र पर्यावरण संरक्षणका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको सामाजिक संस्था सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासले विभिन्न राष्ट्रिय-अन्तरराष्ट्रिय सङ्घसंस्था र समुदायसँगको सहकार्यमा पुनर्भरण पोखरी निर्माणलाई अभियानमै जोडेको छ ।

"अहिलेसम्म रातु नदी वारिपारिका बस्ती छेउ र वन क्षेत्रमा २१३ वटा पुनर्भरण पोखरी छन्, यी समुदायकै अग्रसरतामा निर्मित हुन्", चुरे तथा जलाधार विज्ञसमेत रहनुभएका मञ्चका अध्यक्ष नागदेव यादव भन्नुहुन्छ, "निकै लामा खडेरीमा पनि चुरे क्षेत्रका पानीका स्रोतका मुहान सुक्न नदिन यी पोखरीले ठूलो भरथेग गरेका छन् ।" यी पोखरीबाट धेरथोर खेतीपातीमा सिँचाइको पनि सुविधा किसानले लिँदै आएका छन् । त्यसैले यतातिर खाली ठाउँ खोजी गरेर अझै पुनर्भरण पोखरी बढाउन साझा पहलकदमी जरुरी भएको उहाँको भनाइ छ ।

पानीका स्रोतका मुहान बचाइराख्न मधेसभरि सबै जिल्लामा चुरे संरक्षण, खोल्साखोल्सी व्यवस्थापन र पुनर्भरण पोखरी निर्माणलाई स्थानीय तहले मुख्य पहलकदमी लिनुपर्ने यादवको भनाइ छ । स्थानीय तहहरूले यस कार्यमा आपसी समन्वय बढाउँदै प्रदेश र सङ्घीय सरकारको चासो बढाउनुपर्ने यादवको सुझाव छ ।

"चुरे पर्ने कुनैकुनै स्थानीय तहले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा चुरे सरोकारमा चासो दोखाए पनि पूर्वपश्चिम राजमार्गमुनिका स्थानीय तहले खासै वास्ता गरेको देखिन्न, चुरे सिङ्गो मधेसको जीवनको आधार हो भन्ने कुरा बुझाउन सकिएको छैन क्या र !" उहाँ भन्नुहुन्छ, "उनीहरूको बुझाइ चुरे पर्ने स्थानीय तहको जिम्मेवारी भन्ने पाइन्छ, जबकि मधेसको पानीको मुख्य स्रोत नै चुरे हो", चुरे संरक्षण सबैको चासोमा पर्नुपर्ने विज्ञ यादव सुझाउनुहुन्छ ।

पछिल्ला केही दशकयता बर्सेनि जलवायु परिवर्तनको जोखिम बढ्दो छ । पूर्वपश्चिम राजमार्गमुनिका महोत्तरीका अधिकांश बस्तीमा पानीका स्रोत इनार, बोरिङ र चापाकल रहँदै आएका छन् । सुक्खाले गर्दा बर्सेनि भूमिगत पानीको सतह गहिरिँदै गएपछि हिउँदपछि पानीको हाहाकार पर्दै आएको छ । यो अवस्था अन्त्य गर्न पुनर्भरण पोखरी निर्माणलाई राज्य, समुदाय र सामाजिक सङ्घसंस्था सबैले पहलकदमी लिनुपर्ने अर्का चुरेविज्ञ भङ्गाहा-७ मेघरोलका बासिन्दा डा विजयकुमार सिंह बताउनुहुन्छ ।

चुरे पाहाडका काछ र वन क्षेत्रमा निर्माण गरिने पोखरीले जल पुनर्भरणका साथै वन्यजन्तुलाई खानेपानीको सहजता थपिने चुरे आसपास बस्तीका पाका व्यक्ति बताउँछन् । लामो खडेरीले वनका पानी अडिने खाल्डाखुल्डी सबै सुकेपछि वन्यजन्तु पानीकै लागि टाढाटाढासम्म बस्ती पस्ने गरेका बर्दिबास-५ चेरुका ८५ वर्षीय सामाजिक अगुवा भोगेन्द्रराज पौडेलको भनाइ छ । "सुन्नुभएको छ नि, वन्यजन्तु दशगजासम्मका बस्तीमा पुग्ने गरेका छन्, त्यो वनमा आहारा र पानी नपाएर हो", पौडेल भन्नुहुन्छ, "वनभित्र खाली ठाउँमा पोखरी निर्माण बढे वन्यजन्तुलाई पानी र वनको डढेलो निभाउन पनि सहज हुनेछ ।"

वन क्षेत्रमा रहेका पोखरीले वरपरको बहाव क्षेत्र तथा वर्षाको पानी सङ्कलन गरी भूमिगत स्रोतको पुनर्भरण गर्ने विज्ञहरू बताउँछन् । यसले मधेसका सुदूर दक्षिणी बस्तीसम्म पानी आपूर्तिमा मद्दत पुग्ने अर्का चुरे तथा जलाधारविज्ञ डा नागेन्द्रप्रसाद यादव बताउनुहुन्छ । भूमिगत पानीको सतह गहिरिँदै जाँदा पानीको स्रोतमा आश्रित मानव बस्ती, वन्यजन्तु र जलचरको अस्तित्व नै सङ्कटमा पर्ने डा यादवको भनाइ छ । यो अवस्था हुन नदिन जमिनमुनि जल पुनर्भरण गर्नका लागि सबै तहतप्का र समुदायले वर्षाको पानी सङ्गहित गर्ने काम अभियानकै रूपमा गर्नुपर्ने उहाँको सुझाव छ ।

बढ्दो सहरीकरण र वन विनासले गर्दा जमिनले वर्षाको पानी सोस्न नसक्दा भूमिगत पानीको सहत गहिरिँदै गएको विज्ञहरूको मत छ । खानपिउनदेखि खेतीपातीको काम पानीकै भरमा हुन्छ । यसकारण पानी जोगाउन र यसका स्रोत संरक्षण गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्ने चुरे तथा पर्यावरण क्षेत्रका अभियानी बर्दिबास-४ माइस्थानका सोम कार्कीको भनाइ छ । रासस

# लघुवित्तको समस्या नसुल्झिएको राष्ट्र बैंकको भनाई




**टुडे समाचारदाता**

काठमाण्डू । लघुवित्त क्षेत्रमा देखिएको गहिरो समस्या अहिलेसम्म पनि सुल्झिन सकेको नसकेको नेपाल राष्ट्र बैंकले प्रष्ट पारेको छ ।

नेपाल राष्ट्र बैंकको हालैको सुपरिवेक्षण प्रतिवेदन अनुसार लघुवित्त संस्थाहरूको खराब कर्जाको ग्राफ अझै उकालो लागेको छ भने सर्वसाधारणलाई खुद्रा कारोबार गर्ने संस्थाहरूको मात्र निष्क्रिय कर्जा ५० अर्ब ८२ करोड रुपैयाँभन्दा माथि पुगेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा ६३ प्रतिशतले बढी हो, जसले लघुवित्तको कर्जा असुली प्रणालीमा गम्भीर संकट गहिरिँदै गएको देखाएको छ ।

कर्जाको दुरुपयोग, एकभन्दा बढी संस्थाबाट ऋण लिने प्रवृत्ति र विभिन्न कारणले ऋण तिर्नुपर्दैन वा छुट पाइन्छ भन्ने खालका आन्दोलन तथा अपेक्षाहरूले गर्दा कर्जा असुलीमा थप जटिलता उत्पन्न भएको छ ।

केन्द्रीय बैंकको प्रतिवेदन अनुसार गत आर्थिक वर्षको अन्त्यसम्ममा थोक कारोबार गर्ने लघुवित्तहरूको निष्क्रिय कर्जा १ अर्ब ४० करोड पुगेको छ भने समग्रमा थोक र खुद्रा लघुवित्तको औसत खराब कर्जा अनुपात ९.७८ प्रतिशत रहेको छ। खुद्रा कारोबार गर्ने संस्थाहरूले कुल ४ खर्ब ८७ अर्ब रुपैयाँभन्दा बढी कर्जा तथा सापट प्रवाह गरेका छन् भने उनीहरूको कुल कर्जा नोक्सानी व्यवस्था पनि ३४.८८ प्रतिशतले बढेर ३५ अर्ब २४ करोड पुगेको छ ।

यसैबीच, नियमनकारी निकायका निर्देशनहरूलाई बेवास्ता गर्ने प्रवृत्ति पनि उत्तिकै देखिएको छ। उदाहरणका लागि, खुद्रा कर्जा प्रदायक संस्थाले कुल कर्जाको एक-तिहाइभन्दा कम मात्र धितो कर्जा प्रवाह गर्नुपर्नेमा सञ्जीवनी लघुवित्त वित्तीय संस्थाले निर्देशन विपरीत ३८।३४ प्रतिशतसम्म धितो कर्जा प्रवाह गरेको केन्द्रीय बैंकले औंल्याएको छ ।

तरल सम्पत्ति र निक्षेप संकलनका केही सूचकहरूमा सामान्य सुधार देखिए पनि समग्रमा लघुवित्तहरूको वित्तीय स्वास्थ्य जोखिमपूर्ण बन्दै गएको देखिन्छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाहरूको तरल सम्पत्ति बढेर ४३ अर्ब ८ करोड पुगेको छ भने सञ्जीवनी बाहेक अन्य संस्थाहरूको अनिवार्य नगद मौज्दात तोकिएको सीमाभन्दा माथि नै रहेको छ ।

लघुवित्तहरूले प्रवाह गरेको कुल कर्जाको ५८.६३ प्रतिशत हिस्सा कृषि क्षेत्रमा लगानी भएको पाइएको छ भने यसबाहेक सेवा व्यवसाय, घरेलु तथा लघु उद्योगमा पनि लगानी विस्तार भएको छ ।

यद्यपि, बढ्दो खराब कर्जा र निष्क्रिय कर्जाको भारीले लघुवित्त संस्थाहरूको जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति ६ खर्ब ५५ अर्बभन्दा माथि पुगेको भए पनि भित्री वित्तीय सबलमा भने ठूलो चुनौती खडा गरिदिएको छ।

# जितपुर सिमरामा सर्पदंश उपचार केन्द्र अस्पताल




**टुडे समाचारदाता**

वीरगञ्ज । जितपुर सिमरा उपमहानगरपालिकामा पनि अब सर्पदंश उपचार केन्द्र सञ्चालनमा आउने भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सिमरा अस्पताल सर्पदंश उपचार केन्द्रलाई सेवा सञ्चालनको अनुमति दिएको छ ।

महाशाखाले अनुगमनपछि 'सर्पदंश उपचार केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७' को दफा ६ बमोजिम केन्द्रलाई अनुमति प्रमाणपत्र प्रदान गरेको जनाएको छ । महाशाखाका निर्देशक डा। अनुज भट्टचनद्वारा प्रमाणित अनुमति पत्रसँगै सिमरा अस्पतालबाट अब सर्पदंशसम्बन्धी उपचार सेवा सञ्चालनको बाटो खुलेको छ ।

केही महिनाअघि जितपुर सिमरा उपमहानगरपालिकाका दुई बालिका सुप्रिया दोङ र दियनशी राना मगरको सर्पदंशका कारण मृत्यु भएको थियो। समयमै उपचार नपाउँदा बालिकाको मृत्यु भएपछि स्थानीयस्तरमै सर्पदंश उपचार केन्द्रको आवश्यकता र माग तीव्र रूपमा उठेको थियो ।

स्थानीयस्तरमा उपचार केन्द्र सञ्चालनको अनुमति पाएपछि सर्पदंशका बिरामीलाई उपचारका लागि टाढा लैजानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ ।

सर्पदंशका घटना हुने समयमा तत्काल उपचार उपलब्ध गराउन सकिने भएकाले केन्द्र सञ्चालनलाई स्थानीयले महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन्। अब केन्द्रले तोकिएको मापदण्डअनुसार सेवा सञ्चालन गर्ने जनाइएको छ।

# पितृश्राद्ध र धार्मिक आस्थाको केन्द्रका रुपमा प्रसिद्ध विष्णुपादुका मन्दिर

सुनसरी । धरान उपमहानगरपालिका-२० स्थित विष्णुपादुका मन्दिर पितृश्राद्ध तथा धार्मिक आस्थाको केन्द्रका रूपमा प्रसिद्ध पाएको छ ।



प्राकृतिक सौन्दर्यका कारणसमेत बेग्लै पहिचान बोकेको विष्णुपादुका क्षेत्रमा धरानबाट हिँड्दै जाँदा चिसो हावापानीसँगै गाउँले परिवेशको अनुभूति गर्ने अवसर प्राप्त हुनेछ ।

विशेषगरी मोक्ष प्राप्त गर्न नसकेका पितृलाई तर्पण दिइ भगवान् विष्णुले पहिलो श्राद्ध गरेको स्थानका रूपमा विष्णुपादुकालाई लिने गरिएको छ । त्यस घटनाबाट त्यहाँ श्राद्ध परम्पराको थालनी भएको भक्तजनको विश्वास रहेको छ ।

इटहरीबाट पहिलोपटक श्राद्ध गर्न आउनुभएका निमा र अविशेक तिम्सिनाले त्यो मन्दिर क्षेत्रमा श्राद्ध गरिँदा पितृले मोक्ष प्राप्त गर्ने धार्मिक विश्वासकाकारण आफूहरु यहाँ आएको प्रतिक्रिया दिनुभयो । उहाँका अनुसार, त्यस मन्दिरमा श्राद्ध गर्दा दिवङ्गत आत्माले मोक्ष प्राप्त गर्ने विश्वास छ । मोरङ रङ्गेलीबाट पिताको श्राद्ध गर्न आउनुभएका मनिष विष्टले पनि त्यस मन्दिरमा श्राद्ध गरिए दिवङ्गत आत्माले शान्ति पाउने जनविश्वास हुँदा त्यसका लागि आफू यहाँ आएको बताउनुभयो ।

त्यस मन्दिरमा सिदा र तर्पण गर्न नेपालका मात्र नभई छिमेकी भारतको सिक्किम, दार्जिलिङलगायतका ठाउँबाट समेत भक्तजन आउने गरेको मन्दिरका पुजारी इमानसिंह तामाङले जानकारी दिनुभयो ।

प्रत्येक वर्ष पौष शुक्ल औंशीका दिन आफ्ना पितृलाई पिण्ड तथा तर्पण दिन ठूलो सङ्ख्यामा भक्तजन यहाँ आउने गरेका छन् । अहिले पनि दैनिक रूपमा श्राद्ध गर्न भक्तजन विष्णुपादुका पुग्ने गरेको पुजारी तामाङले बताउनुभयो ।

धरानको मुख्य बजारबाट करिब १२ किलोमिटरको दुरीमा रहेको उक्त मन्दिर क्षेत्रमा दैनिक एक सय ५० बढी भक्तजन पुग्ने गरेको धरान उपमहानगरपालिका-२० का वडाध्यक्ष पदम लिम्बूले बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यो पितृ कार्यसँग जोडिएको धार्मिक तथा पर्यटकीय मन्दिर भएकाले यसको संरक्षण र प्रचारप्रसार आवश्यक छ ।"रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला महोत्तरी पिपरा गा.पा. वडा नं. ५, सहोरबा स्थित घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०६/०६ गते करिब बिहान ०२:४५ बजे म.प्र. ०२-०१० प १९६० नम्बरको MaH Grey रंगको ईन्जिन नं. JA07A259J01146 चेचिस नम्बर MBLJAW58559J01973 को हिरो कम्पनीको Super Splender 124.7 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः मोहन यादव**
**ठेगानाः पिपरा गा.पा.-५, सहोरबा**
**मो. नं. ९८१२१४०३०२**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** पेशागत वा व्यापारिक क्षेत्रमा नयाँ उचाइ हासिल गर्ने सुनौलो अवसर प्राप्त हुनेछ।
**वृष :** उच्च शिक्षाका विद्यार्थीहरुको बौद्धिक क्षमता बढ्नेछ ।
**मिथुन :** अनावश्यक बहकावबाट टाढै रहनुपर्छ ।
**कर्कट :** व्यवसायिक साझेदारसंगको सहकार्य बाट राम्रो आर्थिक प्रतिफल प्राप्त हुनेछ।
**सिंह :** दैनिक सहज र उत्साहजनक रहनेछ ।
**कन्या :** सिर्जनात्मक र बौद्धिक कार्यमा रुचि बढ्नेछ ।
**तुला :** घरजग्गा वा भौतिक सम्पत्तिको विषयमा भने आज कुनै निर्णय नलिनु नै राम्रो ।
**वृश्चिक :** दाजुभाई तथा छिमेकीहरुको पूर्ण साथ र सद्भाव प्राप्त हुनेछ ।
**धनु :** बोलीको प्रभावले अधुरा र रोकिएका कार्यहरु सहजै बन्नेछन् ।
**मकर :** मनमा सकारात्मक ऊर्जा भरिपूर्ण रहनेछ ।
**कुम्भ:** शारीरिक थकान महसुस हुनसक्ने हुँदा कामको बीचमा आराम गर्न नभुल्नुहोला।
**मीन:** नयाँ योजनाको थालनी गर्न आजको दिन निकै उत्साहप्रद रहनेछ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फोहोर व्यवस्थापनका लागि जग्गा भाडामा खोज्दै उपमहानगर



**टुडे समाचारदाता**

जनकपुरधाम । फोहोरमैला व्यवस्थापनका लागि जनकपुरधाम उपमहानगरपालिकाले जग्गा भाडामा लिने प्रक्रिया अघि बढाएको छ। उपमहानगरले दोस्रो पटक सूचना प्रकाशित गर्दै इच्छुक जग्गाधनीलाई सात दिनभित्र निवेदन पेश गर्न आह्वान गरेको छ।

उपमहानगरपालिकाले प्रकाशित गरेको सूचना अनुसार जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रै फोहोर व्यवस्थापनका लागि आवश्यक जग्गा भाडामा लिन लागिएको हो । तोकेको मापदण्ड पूरा गर्ने जग्गाधनीले जग्गा कुन दरमा भाडामा दिने हो भन्ने स्पष्ट खुलाएर निवेदन दिनुपर्ने सूचनामा भनिएको छ।

फोहोर व्यवस्थापनका लागि प्रस्ताव गरिने जग्गा एउटै स्थानमा हुनुपर्नेछ । आपसमा साँध-सिमाना जोडिएका जग्गा भए आवश्यक क्षेत्रफल पूरा हुने गरी फरक फरक जग्गाधनीले संयुक्त रूपमा समेत निवेदन दिन सक्ने व्यवस्था गरिएको छ।

उपमहानगरका अनुसार प्रस्तावित जग्गा बस्ती, समुदाय, विद्यालय, सडक, कुलो-पैनी, मसानघाट, सार्वजनिक जग्गा, चरन क्षेत्र, वन क्षेत्र, सार्वजनिक तथा सामुदायिक भवन, सरकारी कार्यालय वा नदी-नालालगायत क्षेत्र अतिक्रमण गरेको हुनुहुँदैन । जग्गाको स्वामित्व तथा हकभोगमा कुनै विवाद नभएको र सवारीसाधन आवतजावत गर्न सक्ने बाटोसमेत हुनुपर्नेछ।

त्यसैगरी फोहोर व्यवस्थापन स्थलका रूपमा प्रस्ताव गरिने जग्गा बस्ती तथा विद्यालयबाट कम्तीमा एक किलोमिटर टाढा हुनुपर्ने उपमहानगरले जनाएको छ । यसले फोहोर व्यवस्थापनका कारण बस्ती तथा शैक्षिक संस्थामा प्रत्यक्ष असर नपरोस् भन्ने उद्देश्य राखिएको देखिन्छ।

निवेदनसँगै जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद र जग्गाको नक्सा अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । जग्गाधनी स्वयं कार्यालयमा उपस्थित भएर निवेदन दिनुपर्ने तथा उपस्थित हुन नसक्ने अवस्थामा प्रचलित कानुनबमोजिम प्रतिनिधि वा वारेस पठाउन सकिने व्यवस्था गरिएको छ।

उपमहानगरले जग्गा भाडामा दिने दर अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनसमेत आग्रह गरेको छ। सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निवेदन पेश गर्नुपर्ने जनाइएको छ।

# महेन्द्र नगरमा व्यवसायीहरुको विरोध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वपश्चिम राजमार्ग धनुषाको महेन्द्रनगरमा व्यवसायीहरुले विरोध प्रदर्शन गर्दै बजार बन्द गराएका छन् ।

प्रहरीले बलजफ्ती गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिएको विरोधमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका व्यापारीले बुधबार बजार बन्द गरी प्रदर्शन गरेका हुन् ।

स्थानीय व्यापारी शिवशङ्कर साहको गोदामबाट सामान नियन्त्रणमा लिएको विषयलाई लिएर छिरेश्वरनाथ उद्योग वाणिज्य सङ्घको अगुवाइमा व्यवसायीहरू आन्दोलनमा उत्रेको जनाइएको छ।

गत आइतबार जनकपुर भन्सार कार्यालय, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले महेन्द्रनगरस्थित साहको शङ्कर शम्भु जनरल स्टोरको गोदाममा छापा मारेको थियो । टोलीले गोदामबाट खर्बुजाको बीउ,



बदाम, पार्ले चकलेटलगायत विभिन्न सामान नियन्त्रणमा लिएर लगेको व्यापारीको भनाइ छ।

व्यापारीहरूले आफूले वैध रूपमा खरिद गरेका सामानको बिलबिजक हुँदाहुँदै गोदामको ताला तोडेर सामान उठाइएको आरोप लगाएका छन् । त्यसको विरोधमा बजार बन्द गर्दै प्रदर्शन गर्नुपरेको छिरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादवले बताए।

उनले व्यवसायीका कागजात र सामानको स्रोतको आवश्यक जाँच नगरी एकतर्फी रूपमा सामान नियन्त्रणमा लिने कार्यले स्थानीय व्यवसायीलाई निरुत्साहित बनाएको बताए । सामान वैध वा अवैध भन्ने विषय आवश्यक अनुसन्धान र प्रमाणका आधारमा टुङ्ग्याउनुपर्ने भन्दै सङ्घले निष्पक्ष छानबिनको माग गरेको छ।

यसअघि व्यापारी साहले पत्रकार सम्मेलनमार्फत आफ्नो व्यवसायबाट नियमित रूपमा कर तिर्दै आएको र गोदाममा रहेका सामानको खरिद तथा बिक्रीसम्बन्धी बिलबिजक आफूसँग रहेको दाबी गरेका थिए । उनले गोदामबाट करिब ७५ देखि ८० लाख रुपैयाँ बराबरको सामान लगिएको दाबी गर्दै त्यसमा खर्बुजाको बीउ मात्रै करिब ३२ लाख रुपैयाँ बराबरको रहेको बताए।

साहका अनुसार गोदाममा रहेका अधिकांश सामान नेपाली उत्पादन वा वैध माध्यमबाट खरिद गरिएका हुन् । आफूले नियमित रूपमा कर तिर्दै आएको र व्यवसायसँग सम्बन्धित कर तथा अन्य कागजातसमेत अद्यावधिक रहेको उनको दाबी छ । तर, जनकपुर भन्सार कार्यालयले भने व्यापारीको दाबीभन्दा फरक विवरण सार्वजनिक गरेको छ।

जनकपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मानबहादुर पौडेलले भारतबाट तस्करीको माध्यमबाट नेपाल भित्र्याइएको खुलेपछि गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिइएको बताए। पौडेलका अनुसार छापा क्रममा करिब १६ लाख ९६ हजार रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको हो।

# राष्ट्रिय खेलकुदका लागि छनौट प्रतियोगिता

**टुडे समाचारदाता**

जनकपुरधाम। १० औं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै धनुषामा विभिन्न खेल विधाका खेलाडीको जिल्ला स्तरीय छनोट प्रतियोगिता हुने लागेको जनाइएको छ।

प्रतियोगितामा सहभागी हुन इच्छुक तर हालसम्म फाराम भर्न बाँकी रहेका खेलाडीलाई जिल्ला खेलकुद विकास समिति धनुषाले तत्काल कार्यालयमा सम्पर्क गरी फाराम भर्न आग्रह गरेको छ।

जिल्ला खेलकुद विकास समिति धनुषाले सूचना जारी गर्दै असोज १३ गतेसम्म कार्यालय समयमा खेलाडीको फाराम संकलन तथा छनोटसम्बन्धी प्रक्रिया सञ्चालन गरिने जनाएको छ। खेलाडीहरूले जनकपुरधामस्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा सम्पर्क गरी आफू सहभागी हुन चाहेको खेल विधाका लागि आवश्यक फाराम भर्न सक्नेछन्।

जिल्लामा रहेका प्रतिभावान खेलाडीलाई अवसर प्रदान गर्ने उद्देश्यले छनोट प्रक्रिया अघि बढाइएको हो।

# बजार अनुगमन र निगरानी प्रभावकारी बनाउने निर्णय

**टुडे समाचारदाता**

जलेश्वर । राजस्व चुहावट नियन्त्रण गर्न सीमा क्षेत्रदेखि स्थानीय बजारसम्म निगरानी र अनुगमनलाई थप प्रभावकारी बनाउने महोत्तरी प्रशासनले निर्णय गरिएको छ।



राजस्व चुहावट नियन्त्रण समितिको बैठकले चोरीपैठारी नियन्त्रण, विदेशी नम्बर प्लेटका सवारी साधनको अनुगमन तथा भन्सार छलीका सामानको बजारमा हुने बिक्रीवितरण रोक्न सुरक्षा निकाय र सम्बन्धित कार्यालयबीच समन्वय बढाउने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा बुधबार बसेको समितिको बैठकले जिल्लाका संवेदनशील नाका तथा चोरीबाटो पहिचान गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त तथा आकस्मिक गस्ती बढाउने निर्णय गरेको छ। राजस्व छलीमा संलग्न व्यक्ति तथा समूहको गतिविधिमाथि निगरानी बढाउँदै आवश्यक कारबाही अघि बढाउने निर्णयसमेत बैठकले गरेको छ।

बैठकमा जलेश्वर भन्सार कार्यालयको चालु आर्थिक वर्षको राजस्व असुली र मुद्दा फछ्र्योटको अवस्थासमेत समीक्षा गरिएको थियो।

कार्यालयको वार्षिक राजस्व लक्ष्य २ अर्ब ९२ करोड रुपैयाँ रहेकोमा भदौ मसान्तसम्म १८ दशमलव ७५ प्रतिशत राजस्व असुली भएको जनाइएको छ।

साउन महिनाका लागि १४ करोड रुपैयाँ लक्ष्य तोकिएकोमा १७ करोड ३७ लाख रुपैयाँ तथा भदौमा १६ करोड रुपैयाँ लक्ष्य रहेकामा २० करोड ४ लाख रुपैयाँ राजस्व असुली भएको बैठकमा प्रस्तुत विवरणमा उल्लेख छ।

यस्तै, भदौ मसान्तसम्म सुरक्षा निकायबाट जलेश्वर भन्सार कार्यालयमा दाखिला गरिएका १५८ वटा मुद्दामध्ये १०४ वटा मुद्दाको लिलामी प्रक्रिया सम्पन्न भएको छ।

ती मुद्दामा ४ करोड ३८ लाख ५४ हजार २७ रुपैयाँ बराबरको प्रतिवेदन मूल्य रहेकोमा लिलामीबाट ८४ लाख २७ हजार ६३० रुपैयाँ राजस्व दाखिला भएको जनाइएको छ।

बैठकले भारतीय तथा अन्य विदेशी नम्बर प्लेटका सवारी साधनको अस्थायी पैठारीलाई व्यवस्थित गर्न भन्सार विभागले लागू गरेको नयाँ अनलाइन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ।

नेपाल प्रवेश गर्दा प्राप्त सुविधाको अवधि सकिएपछि सम्बन्धित मुलुकतर्फ फर्कने विदेशी सवारी साधनलाई प्रणालीमा अनिवार्य रूपमा फिर्ती दर्ता गराउनुपर्ने व्यवस्थाको कडाइका साथ लागू गर्ने निर्णय गरेको छ।

भन्सार नाका तथा सुरक्षा चेकपोस्टमा खटिने नेपाल प्रहरी र सशस्त्र प्रहरीले फिर्ता जाने विदेशी सवारी साधनको प्रणालीमा फिर्ती दर्ता भए-नभएको जाँच गर्नेछन् । निर्धारित समयभित्र फिर्ता नगरेका वा प्रणालीमा फिर्ती दर्ता नगराई नेपालमै सञ्चालन भइरहेका म्याद नाघेका विदेशी सवारी साधन पहिचान गरी नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने निर्णय भएको छ।

यसैगरी, भन्सार छली तथा प्रतिबन्धित वस्तुको अवैध कारोबार रोक्न स्थानीय बजारमा नियमित अनुगमन गर्ने निर्णय भएको छ। भन्सार छली गरेर ल्याइएका वा सरकारले पैठारीमा प्रतिबन्ध लगाएका सामान बजारमा बिक्रीवितरण भइरहेको पाइएमा नियन्त्रणमा लिएर संलग्न व्यक्तिमाथि कानुनी कारबाही अघि बढाइने बैठकले जनाएको छ।

राजस्व संकलनको लक्ष्य हासिल गर्न आन्तरिक राजस्व कार्यालय बर्दिबासले आफ्नो मासिक राजस्व लक्ष्य, प्रगति, बजार अनुगमन तथा कर छली नियन्त्रणसम्बन्धी विवरण नियमित रूपमा समितिमा उपलब्ध गराउने निर्णयसमेत भएको छ।

बैठकले राजस्व चुहावट नियन्त्रणसँगै वैध व्यापार प्रवर्द्धनका लागि जिल्लाका उद्योगी, व्यवसायी, चेम्बर अफ कमर्स, यातायात व्यवसायी तथा स्थानीय जनप्रतिनिधिसँग नियमित छलफल र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको जनाइएको छ।

# फुलबारी टोलमा वृक्षारोपण अभियान शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको जगरनाथपुर गाउँपालिका-२ लक्ष्मीपुरस्थित फुलबारी टोलको सार्वजनिक जग्गामा वृक्षारोपण अभियान सुरु गरिएको छ । करिब २० बिघा सार्वजनिक जग्गामा वृक्षरोपण तथा संरक्षण अभियान सुरु गरिएको हो।

कृषि वन तथा सार्वजनिक जग्गा व्यवस्थापन समूहको पहलमा आयोजित वृक्षरोपण उद्घाटन कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वउद्योगमन्त्री रमेश रिजालको प्रमुख आतिथ्य तथा शंकर चौधरीको विशिष्ट आतिथ्य रहेको थियो।



कार्यक्रममा स्थानीय जनप्रतिनिधि, वन तथा वातावरणसँग सम्बन्धित निकायका प्रतिनिधि, व्यवस्थापन समूह तथा स्थानीयवासीको सहभागिता थियो।

जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादवले सार्वजनिक जग्गाको संरक्षण, वन क्षेत्र विस्तार तथा वातावरणीय सन्तुलन कायम गर्ने उद्देश्यले अभियान अघि बढाइएको बताएका छन्।

अभियान वृक्षरोपणमा मात्र सीमित नभई सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै भावी पुस्ताका लागि हरित तथा स्वच्छ जगरनाथपुर निर्माण गर्ने लक्ष्यसहित अघि बढाइएको उनले जनाएको छ।

करिब २० बिघा क्षेत्रफलमा वृक्षरोपण तथा सार्वजनिक जग्गा संरक्षण अभियान सञ्चालन हुनु गाउँपालिकाको वातावरणीय संरक्षणका लागि महत्वपूर्ण कदम भएको अध्यक्ष यादवले बताए।

उनले अभियान सफल बनाउन सहयोग गर्ने स्थानीयवासी, व्यवस्थापन समूह, वन तथा वातावरणसँग सम्बन्धित निकाय र कार्यक्रममा सहभागी अतिथिप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि वृक्षरोपण तथा संरक्षण अभियानलाई निरन्तरता दिने बताए।

# ठूलो परिमाणमा मोबाइल पार्टस बरामद



**टुडे समाचारदाता**

रौतहट । सशस्त्र प्रहरीले रौतहटको गौर नगरपालिका वडा नम्बर ४ टिकुलियामा ठूलो परिमाणमा अवैध रुपमा राखिएको मोबाइलको स्पेयर बरामद गरेको छ।

सशस्त्र प्रहरीले गोप्य सूचनाका आधारमा स्थानीय रास्वपा नेता भोला साहको घरबाट करिब ५० लाख १४ हजार ५०० रुपैयाँ बराबरको मोबाइल सामग्री बरामद गरेको हो।

बुधबार सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालयले दिएको बिशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशीको कमाण्डमा खटिएको टोलीले घरमा खानतलासी गरेर लाखौ मुल्यको मोबाइल सामग्री बरामद गरेको हो।

गणका एसपी चेतराजको कमान्डमा खटिएको ४५ जना सशस्त्र प्रहरी तथा गौर भन्सार कार्यालय रौतहटका प्रतिनिधिसहितको टोलीले गौर-४ टिकुलियास्थित रास्वपा नेता साहको घरमा छापा मारेको थियो।

खानतलासीका क्रममा लुकाइछिपाइ राखिएको अवस्थामा मोबाइलसँग सम्बन्धित विभिन्न सरसामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ। बरामद सामग्रीको अनुमानित मूल्य रु ५० लाख १४ हजार ५०० रहेको बताइएको छ। सोही क्रममा ३ थान मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ।

बरामद सामान र मोटरसाइकल आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि गौर भन्सार कार्यालय, रौतहटमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। यसैबीच रास्वपाले सम्बन्धित व्यक्ति भोला साह आफ्नो पार्टीको नेता नरहेको स्पष्टीकरण दिएका छन्।

# हतियारसहित भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटबाट एक भारतीय नागरिक हतियारसहित पक्राउ परेको छ । जिल्लाको परोहा नगरपालिका वार्ड न ८ स्थित पटेल चोकबाट प्रहरीले १२ बोरको कटुवा पेस्तोलसहित ती भारतीय नागरिकलाई पक्राउ गरेको हो।

विशेष सूचनाका आधारमा प्रहरी चौकी मोतिपुर र सशस्त्र प्रहरी बल, नेपाल बीओपी सरमुजवाबाट खटिएको संयुक्त टोलीले भारत बिहारको मोतिहारी जिल्लास्थित श्रीपुर गाउँका ३७ वर्षीय गोविन्द दासलाई बुधबार दिउँसो पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीका अनुसार दासलाई नियन्त्रणमा लिन खोज्दा उनले आफूसँग रहेको १२ बोरको कटुवा पेस्तोल फालेर भाग्ने प्रयास गरेका थिए।







## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।


**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०६/२२ गते/स्थान : शाखा कार्यालय चपुर, रौतहट**

**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०६/२६ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : टाईगर ईट्टा उद्योग**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>प्रा.फ.नं. ४८६७/२०, दर्ता मिति : २०७३/०४/१३, पान नं. ६०५१४१४१६, दर्ता मिति : २०७३/०६/०९<br>ठेगाना : रौतहट जिल्ला, चपुर न.पा. वडा नं. १३, **प्रोप्राईटर : अमिन मिया धुनिया** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : अमिन मिया धुनिया**<br>ना.प्र.नं. १४४३, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५६/०२/३०<br>बाबुको नाम : तहिद मिया धुनिया<br>बाजेको नाम : हुसेनि मिया<br>ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९<br>हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ | **२. नाम : तैवुन नेसा**<br>ना.प्र.नं. ३२३०८४/४९०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०९<br>पतिको नाम : अमिन मिया धुनिया<br>ससुराको नाम : तहिद मिया धुनिया<br>ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९<br>हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ |
| | **३. नाम : अफजल मंसुर**<br>ना.प्र.नं. ३२-०२-७५-०३२२१, जि.प्र.का. रौतहट, जारी मिति : २०७५/०७/१९<br>बाबुको नाम : अमिन मिया धुनिया, बाजेको नाम : तहिद मिया धुनिया<br>ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ | |
| | **धितोको विवरण** | |
| | अमिन मिया धुनियाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९ स्थित कित्ता नं. १३४४ को क्षेत्रफल ०-७-० तथा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९ स्थित कित्ता नं. १०५१ को क्षेत्रफल ०-०-७ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

# दबाब र प्रभावबाट मुक्त होउ

गुठी संस्थान जनकपुरधामले राजगुठी अधिनस्थ पोखरीको अतिक्रमण हटाउने, मठमन्दिरको जग्गालाई खाली गराउने लगायतको काम गर्ने निर्णय गरेको छ । गुठी संस्थानले पोखरीलगायतका मठमन्दिरको जग्गा खाली गराउन सूचना समेत जारी गरिसकेको छ । तर गुठी संस्थानले नेताको दबाब र प्रभावमा परेको आरोप जोडदार ढंगले लागेको छ । गुठी संस्थानले लालपुर्जा रहेको, लिजमा लिएको, बिटौरी, मनखप, पूजाकलमलगायतका जग्गाहरुको विषयमा समेत निर्णय लिनु पर्ने रहेको छ । जनकपुरधाम धार्मिक र सांस्कृतिक नगरको रुपमा प्रसिद्ध छ । गुठी संस्थानले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेले धार्मिक, सांस्कृतिक पोखरी र मठमन्दिरको जग्गा अतिक्रमण भएको विषयमा तयार पारेको प्रतिवेदनलाई अधार बनाएको छ । तर घिमिरेको प्रतिवेदन समेत निष्पक्ष रहेको छैन । घिमिरेको प्रतिवेदनमा धेरै विषयहरु छुटेको छ । सरकार र गुठी संस्थानले विभिन्न समयमा जग्गाहरुको बन्दोबस्त गरेको देखिन्छ । सरकारले २०४२ सालको सहरी नापीमा व्यक्तिले लालपुर्जा बनाएको अथवा त्यो नापीमा पुर्जा लिन छुट भएको जग्गाको पुर्जा बनाउन २०६० सालसम्म समय दिएको देखिन्छ । त्यस्ता जग्गाको लालपुर्जा पनि बनेको छ । गुठी संस्थानको ऐन अनुसार २०४६ साल पूर्व घर निर्माण गरी बसोबास गर्दै आएकाहरुको नाममा पुर्जा बनाइ दिने प्रावधान छ । तर मालपोत कार्यालयले त्यस्ता जग्गाको पुर्जा बनाउन पनि रोकेको छ । गुठी संस्थानले पूजाकलम, बिटौरी, मनखपको जग्गालाई समेत पुर्जा बनाउनु पर्ने छ । दशकौं देखि निजी भोगमा रहेको जग्गाहरुको समेत लालपुर्जा बनेको छैन । उनीहरुले सहरी क्षेत्र नापीको बखत लालपुर्जा बनाउन सकेन । गुठी संस्थानले धार्मिक स्थल, पोखरी, इनार(कुप) मठमन्दिरको संरक्षण गर्न आवश्यक छ । त्यसका लागि समयानुकूल कानुन बनाएर काम अगाडि बढाउनु पर्छ । भोजराज घिमिरेकै प्रतिवेदनमा पाँचवटा पोखरी पूर्ण रुपमा लोप भइसकेको उल्लेख छ । तर गुठी संस्थानले त्यसमा चासो देखाएको छैन । व्यक्तिको निजी स्वामित्वमा रहेको लालपुर्जा भएको जग्गामा कुनै व्यक्ति अथवा नेताको प्रभावमा गुठी संस्थानले गलत निर्णय लिन हुँदैन । गुठी संस्थानले ऐन, कानुन अनुसार जग्गाको व्यवस्थापन गर्न उचित हुनेछ । व्यक्तिको दबाब र प्रभावमा परेर काम गर्दा विगतको जस्तै विवाद बढ्ने छ । गुठी संस्थानले दबाब र प्रभावबाट मुक्त भएर काम गर्दा सर्वमान्य हुनेछ । केही व्यक्ति र नेताहरुले अनावश्यक रुपमा व्यक्तिको निजी जग्गालाई गुठीको जग्गा मिचेको, पोखरी पुरेको जस्ता कपोलकल्पित र भ्रामक धन्धामा लागेका छन् । त्यस्ता कथन र प्रकाशनको पछाडी गुठी संस्थान लाग्न हुँदैन । गुठीसित रहेका प्रमाणहरुको अधारमा मात्र कुनै कदम चाल्न उपयुक्त हुनेछ । दबाब र प्रभाबबाट गुठी मुक्त रहनु पर्छ ।

# बैंकमा पैसा छ, व्यवसायमा छैन : लगानी रोक्ने अदृश्य अवरोध



प्रमोदकुमार घिमिरे

नेपालको बैंकिङ प्रणालीमा अहिले पैसाको अभाव छैन; समस्या पैसाले बाटो नपाउनुमा छ । बैंकमा निक्षेप बढिरहेको छ, तरलता पर्याप्त छ, ब्याजदर घटेको छ र मौद्रिक नीति पनि तुलनात्मक रूपमा सहज छ । तर उद्योगी-व्यवसायी लगानीका लागि उत्साहित छैनन्, निजी क्षेत्रमा कर्जाको माग अपेक्षित रूपमा बढेको छैन र अर्थतन्त्रले चाहेजस्तो उत्पादन तथा रोजगारी सिर्जना हुन सकेको छैन । त्यसैले प्रश्न बैंकमा पैसा छ कि छैन भन्ने होइन; बैंकमा रहेको पैसा व्यवसायको ढोकासम्म किन पुग्न सकेन ? भन्ने छ ।

नेपाल राष्ट्र बैंकका पछिल्ला तथ्याङ्कले पनि यही विरोधाभास देखाउँछन् । आर्थिक वर्ष २०८२/८३ को एघार महिनासम्म 'क' वर्गका वाणिज्य बैंकहरूको औसत निक्षेपदर करिब ३.२९ प्रतिशत र औसत कर्जाको ब्याजदर ६.६४ प्रतिशतमा झरेको छ । अन्तरबैंक ब्याजदर पनि २.७३ प्रतिशत आसपास छ । अर्थात् वित्तीय प्रणालीमा स्रोतको लागत र बजार ब्याजदर विगतको तुलनामा निकै सहज अवस्थामा छन् । तर ब्याजदर घट्दैमा लगानी बढ्दैन । पैसा सस्तो भयो, तर व्यवसायिक जोखिम सस्तो भएन, बजारको अनिश्चितता घटेन, माग बढेन र नीतिगत विश्वास बलियो भएन । यहींबाट नेपालको वर्तमान आर्थिक समस्याको गहिरो तह सुरु हुन्छ ।

**(क) तरलता प्रशस्त, कर्जा माग कमजोर**

सामान्य आर्थिक सिद्धान्तमा बैंकसँग पैसा छ भने त्यो कर्जाका रूपमा बजारमा जान्छ, कर्जा लगानीमा परिणत हुन्छ, लगानीले उत्पादन र रोजगारी बढाउँछ र त्यसले आर्थिक वृद्धि तीव्र बनाउँछ । तर नेपालमा अहिले यो चक्रको बीचमै अवरोध आएको छ । विश्व बैंकको अप्रिल २०२६ को नेपाल विकास अपडेटले पनि कम मुद्रास्फीति, पर्याप्त विदेशी मुद्रा सञ्चिति र सहज वित्तीय अवस्थाबीच निजी कर्जा विस्तार भने सुस्त रहेको उल्लेख गरेको छ । नेपाल राष्ट्र बैंकले पनि हालको आर्थिक अवस्थालाई मध्यम वृद्धि, स्थिर मुद्रास्फीति र ऐतिहासिक रूपमा कम ब्याजदर भए पनि सुस्त कर्जा विस्तारको मिश्रित अवस्थाका रूपमा चित्रण गरेको छ ।

यसको अर्थ स्पष्ट छ; नेपालको अहिलेको समस्या बैंक योग्य परियोजनाको कमीभन्दा कार्यान्वययोग्य परियोजनाको कमी हो । बैंकसँग पैसा छ, तर जोखिम लिन सक्ने, प्रतिफल दिन सक्ने र बजारमा टिक्न सक्ने परियोजना पर्याप्त छैनन् । अर्कोतर्फ व्यवसायीसँग परियोजना छ भने पनि धितो, कागजी प्रक्रिया, नगद प्रवाह, पुरानो ऋण, बजारको अनिश्चितता र नियामकीय जोखिमका कारण कर्जा लिन वा बढाउन हिच्किचाहट छ । यसैले समस्या बैंक वा व्यवसायीमध्ये एक पक्षको मात्र होइन; सम्पूर्ण वित्तीय-व्यावसायिक इकोसिस्टममा छ ।

**(ख) सस्तो कर्जा किन पर्याप्त भएन ?**

नेपालमा आर्थिक बहस प्रायः ब्याजदर वरिपरि घुम्छ । ब्याजदर घट्यो भने लगानी बढ्छ, कर्जा सस्तो भयो भने व्यवसाय विस्तार हुन्छ भन्ने अपेक्षा गरिन्छ । तर व्यवहारमा ब्याजदर लगानीको एउटा मात्र निर्धारक हो । एउटा उद्यमीले सात प्रतिशतमा ऋण पाए पनि बजारमा माग छैन भने किन कारखाना विस्तार गर्छ ? विद्युत्, जग्गा, श्रम, कच्चा पदार्थ र ढुवानीको लागत उच्च छ भने किन नयाँ उद्योग खोल्छ ? कर तथा प्रशासनिक प्रक्रिया जटिल छ भने किन नयाँ लगानी गर्छ ? नीतिमा बारम्बार परिवर्तन हुन्छ भने दीर्घकालीन परियोजनाको प्रतिफल कसरी सुनिश्चित गर्छ ?

त्यसैले नेपालमा अहिले पूँजीको लागत भन्दा व्यवशाय गर्ने लागत ठूलो समस्या बन्दै गएको छ । विश्व बैंकले नेपालको निजी लगानी र आर्थिक वृद्धिमा घरेलु मागको कमजोरी तथा संरचनात्मक अवरोधलाई महत्वपूर्ण चुनौतीका रूपमा औंल्याएको छ । आर्थिक वृद्धि पनि अपेक्षाकृत कमजोर रहने प्रक्षेपण गरिएको छ । यस अवस्थामा बैंकलाई मात्र कर्जा बढाउन दबाब दिएर समस्या समाधान हुँदैन । कर्जा लिन सक्ने अर्थतन्त्र नै निर्माण गर्नुपर्छ ।

**(ग) बैंक पनि किन सतर्क छन् ?**

अर्को पक्षलाई पनि नजरअन्दाज गर्न मिल्दैन । बैंकसँग पैसा हुँदैमा बैंकले जोखिम नहेरी कर्जा दिन सक्दैन । विगतका वर्षमा तीव्र कर्जा विस्तार, घरजग्गा तथा शेयर बजारमा अत्यधिक लगानी र कमजोर परियोजना मूल्यांकनले वित्तीय क्षेत्रमा जोखिम बढाएको अनुभव नेपालसँग छ । अहिले वित्तीय क्षेत्रमा भाखा नाघेको कर्जा बढ्दो जोखिमका रूपमा देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले २०२६ को नेपालसम्बन्धी मूल्यांकनमा वित्तीय क्षेत्रमा बढ्दो जोखिम र उच्च खराब कर्जाको पृष्ठभूमिमा बैंकहरूको कर्जा अभ्यास सुधार गर्न तथा जोखिममा आधारित सुपरिवेक्षण बलियो बनाउन सिफारिस गरेको छ ।

यसले एउटा महत्वपूर्ण सन्देश दिन्छ; कर्जा विस्तार चाहिन्छ, तर जस्तोसुकै कर्जा होइन; उत्पादनशील र गुणस्तरीय कर्जा चाहिन्छ । यदि नियामकले कर्जा विस्तारलाई मात्र सफलता मापनको आधार बनायो भने बैंकले जोखिमपूर्ण कर्जा दिन सक्छन् । तर अत्यधिक कडा जोखिम मापदण्डले स्वस्थ उद्यमीसमेत कर्जाबाट बाहिरिन सक्छन् । त्यसैले अबको आवश्यकता बढी ऋण सुविधा र कम जोखिम बीचको सन्तुलन हो ।

**(घ) धितोमुखी कर्जा प्रणालीको सीमा**

नेपालको बैंकिङ प्रणालीमा अर्को संरचनात्मक समस्या धितोको प्रधानता हो । व्यवसायको नगद प्रवाह, बजार सम्भाव्यता, प्रविधि, व्यवस्थापन क्षमता र भविष्यको आम्दानीभन्दा घरजग्गा धितोले कर्जा प्राप्तिको निर्णयमा बढी प्रभाव पार्ने अवस्था अझै बलियो छ । यसले नवीन उद्यम, युवा व्यवसायी, सूचना प्रबिधि कम्पनी, सेवा क्षेत्र, स्टार्टअप तथा कृषि व्यवसायलाई समस्या पार्छ । उनीहरूसँग राम्रो व्यवसायिक योजना हुन सक्छ, तर पर्याप्त अचल सम्पत्ति नहुन सक्छ ।

अर्थतन्त्रलाई नयाँ उद्योग र नयाँ उद्यम चाहिएको समयमा वित्तीय प्रणालीले पनि धितोमा आधारित कर्जा प्रवाहबाट नगद प्रवाहमा आधारित कर्जा प्रवाह तर्फ क्रमशः रूपान्तरण गर्नुपर्छ । यसका लागि डिजिटल कारोबार, कर विवरण, बैंकिङ कारोबार, बिक्री अभिलेख, विगतको कर्जा कारोवार इतिहास र व्यवसायिक नगद प्रवाहलाई एकीकृत गरी ऋणीको वास्तविक क्षमता मूल्यांकन गर्ने प्रणाली विकास गर्न सकिन्छ ।

**(ङ) अन्तर्राष्ट्रिय अभ्यासले के सिकाउँछ ?**

विश्वका धेरै मुलुकले साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच दिन बैंक कर्जा मात्र पर्याप्त नहुने निष्कर्ष निकालेका छन् । आर्थिक सहयोग तथा विकास संगठनले साना तथा मझौला उद्यम वित्तीय पहुँच विस्तारका लागि कर्जा प्रत्याभूति योजनाहरू, वैकल्पिक वित्त, इक्विटी वित्त र सार्वजनिक विकास वित्त लगायतका उपकरणलाई महत्वपूर्ण मानेको छ । कर्जा सुरक्षण कोष योजना विशेषगरी धितो कमजोर तर व्यवसायिक सम्भावना भएका साना उद्यमका लागि उपयोगी हुन सक्छ । विश्व बैंकले पनि साना तथा मझौला उद्यमका लागि सार्वजनिक कर्जा प्रत्याभूति योजना सञ्चालन गर्दा स्पष्ट लक्ष्य, पारदर्शी शासन, जोखिम साझेदारी र वित्तीय दिगोपन आवश्यक हुने सिद्धान्त अघि सारेको छ ।




नेपालले पनि यही अभ्यासलाई स्थानीय आवश्यकताअनुसार विकास गर्न सक्छ । तर विगतका सहुलियतपूर्ण कर्जा कार्यक्रमजस्तै सरकारी अनुदान वा ग्यारेन्टीलाई राजनीतिक वितरणको माध्यम बनाइयो भने त्यसले जोखिम मात्र बढाउँछ । ग्यारेन्टी भनेको खराब कर्जाको क्षतिपूर्ति होइन; राम्रो परियोजनामा बैंकको जोखिम बाँड्ने साधन हुनुपर्छ ।

**(च) अब नेपालले के गर्नुपर्छ ?**

पहिलो, कर्जाको लक्ष्य बदल्नुपर्छ । बैंकको कर्जा वृद्धि प्रतिशतलाई मात्र सफलता नमान्ने, कर्जाले सिर्जना गरेको उत्पादन, रोजगारी, निर्यात र कर योगदानलाई पनि मापन गर्नुपर्छ । दोस्रो, नगद प्रवाहमा आधारित कर्जा प्रवाह विस्तार गर्नुपर्छ । विशेषगरी साना तथा मझौला उद्यम, कृषि, पर्यटन, सूचना प्रविधि र सेवा क्षेत्रमा व्यवसायको वास्तविक कारोबारका आधारमा कर्जा मूल्यांकन गर्ने प्रणाली आवश्यक छ । तेस्रो, कर्जा सुरक्षण कोषलाई प्रभावकारी र व्यवसायिक बनाउनुपर्छ । उत्पादनशील साना तथा मझौला उद्यमका लागि जोखिमको निश्चित हिस्सा राज्यले वहन गर्ने तर बैंकले पनि उचित जोखिम वहन गर्ने व्यवस्था गर्न सकिन्छ । चौथो, बैंकिङ कर्जासँगै व्यावसायिक विकास सेवाहरू जोडिनुपर्छ । ऋण दिने तर व्यवसाय योजना, लेखा प्रणाली, बजार, प्रविधि, शिप विकास, मूल्य शृंखला र व्यवस्थापनमा सहयोग नगर्ने प्रणालीले कर्जा गुणस्तर सुधार्दैन । पाँचौं, कर्जा सूचना प्रणालीलाई अझ व्यापक बनाउनुपर्छ । बैंक, लघुवित्त, सहकारी, डिजिटल वित्तीय सेवा र अन्य औपचारिक वित्तीय कारोबारबाट प्राप्त जानकारीलाई सुरक्षित र नियमनयुक्त प्रणालीमा उपयोग गर्न सकियो भने राम्रो ऋणीलाई शुलभ मूल्यमा कर्जा दिन सकिन्छ ।

छैटौं, सरकारको भूमिका बैंकलाई कर्जा दिन बाध्य पार्नेभन्दा लगानीको वातावरण सुधार्ने हुनुपर्छ । कर प्रणालीको स्थिरता, अनुमति प्रक्रियाको सरलीकरण, विद्युत् तथा पूर्वाधारको विश्वसनीयता, कानुनी कार्यान्वयन र नीतिगत पूर्वानुमानयोग्यतामा सुधार नगरी कर्जा विस्तारको लक्ष्य मात्र राख्नु प्रभावकारी हुँदैन ।

**(छ) बैंकको पैसा उत्पादनमा जानुपर्छ**

नेपालमा अब अर्को एउटा बहस पनि आवश्यक छ; कर्जा कहाँ गइरहेको छ ? कर्जा बढ्यो भन्नु पर्याप्त हैन । त्यो कर्जा घरजग्गा, शेयर बजार, अनुत्पादक क्षेत्र वा उपभोगमा गयो कि नयाँ उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि, ऊर्जा, निर्यात, हरित वित्त र रोजगारी सिर्जनामा गयो ? यही प्रश्न महत्वपूर्ण हो । वित्तीय क्षेत्र अर्थतन्त्रको रक्तसञ्चार प्रणाली हो । नेपालको बैंकिङ प्रणालीमा पनि अहिले पैसाको मात्रा मात्र होइन, पैसाको दिशा महत्वपूर्ण भएको छ । यदि बैंकको पैसा उत्पादनशील क्षेत्रमा पुग्यो भने त्यसले उद्योग चलाउँछ, रोजगारी सिर्जना गर्छ, आय बढाउँछ, कर बढाउँछ र पुनः बैंकमा निक्षेपका रूपमा फर्किन्छ । तर पैसा उत्पादनबाहेकका क्षेत्रमा मात्र घुमिरह्यो भने वित्तीय कारोबार त बढ्न सक्छ, अर्थतन्त्रको उत्पादन क्षमता बढ्दैन ।

**(ज) अब 'तरलता' होइन, 'विश्वास' पनि चाहिन्छ**

नेपालको वर्तमान आर्थिक अवस्थाको मूल समस्या अन्ततः तरलताको मात्र होइन, व्यवसायिक विश्वासको पनि हो । उद्यमीले भविष्य देख्नुपर्छ । बैंकले जोखिम मापन गर्न सक्नुपर्छ । नियामकले स्थिर नियम दिनुपर्छ । सरकारले लगानी सुरक्षित हुने वातावरण बनाउनुपर्छ र बजारले उत्पादनको माग सिर्जना गर्नुपर्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि नेपालको आगामी आर्थिक पुनरुत्थानका लागि लगानी वातावरण सुधार, निर्माण तथा उत्पादन क्षेत्रको विस्तार र निजी लगानीको पुनरुत्थानलाई महत्वपूर्ण मानेको छ । त्यसैले अबको नीति केवल 'बैंकमा पैसा थुप्रिन नदिने' होइन; 'बैंकको पैसा उत्पादनशील परियोजनामा सुरक्षित रूपमा प्रवाह हुने वातावरण बनाउने' हुनुपर्छ ।

अन्ततः प्रश्न बैंकमा पैसा छ कि छैन भन्ने होइन । प्रश्न हो; त्यो पैसा अर्थतन्त्रमा कति मूल्य सिर्जना गरिरहेको छ ? बैंकमा पैसा थुप्रिएर मात्र अर्थतन्त्र बलियो हुँदैन । व्यवसायीले लगानी गर्ने वातावरण, बैंकले जोखिम लिन सक्ने प्रणाली, सरकारले विश्वास गर्न सकिने नीति र बजारले उत्पादन स्वीकार गर्ने क्षमता निर्माण भयो भने मात्र वित्तीय स्रोत आर्थिक वृद्धिमा रूपान्तरण हुन्छ ।

अब वित्तीय नीतिको सफलता "कति कर्जा लगानी भयो ?" भनेर होइन, "कर्जाले कति उत्पादन, कति रोजगारी, कति उद्यम र कति निर्यात सिर्जना गर्‍यो ?" भनेर मापन गर्ने समय आएको छ । बैंकमा पैसा छ । अब त्यो पैसा अर्थतन्त्रमा चलायमान हुनुपर्छ; तर जथाभावी होइन, उत्पादनतर्फ जानुपर्छ । यही परिवर्तनले मात्र तरलतालाई लगानीमा, लगानीलाई उत्पादनमा र उत्पादनलाई रोजगारी तथा आर्थिक वृद्धिमा बदल्न सक्छ ।

# नव नेपाल निर्माणको सङ्कल्पका साथ प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघमा



शरच्चन्द्र भण्डार

नितान्त नयाँ परिस्थिति र परिवेशमा देशको नेतृत्व सम्हाल्नुभएका प्रधानमन्त्री वालेन्द्र शाह पहिलोपटक संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुँदै हुनुहुन्छ । नयाँ सरकार गठनसँगै नेपालले विश्वमञ्चमा आफ्नो बदलिएको राजनीतिक अवस्था मात्र होइन, विकासको गति बढाउने, गरिबी हटाउने, सामाजिक तथा आर्थिक असमानता घटाउने, महिला-पुरुष समानता र समावेशी विकास सुनिश्चित गर्ने तथा नागरिकको जीवनस्तर सुधार्ने राष्ट्रिय प्राथमिकता पनि प्रस्तुत गर्ने अवसर पाएको छ । यससँगै भोटेकोशी बाढीबाट भएको जनधन तथा भौतिक सम्पत्तिको अकल्पनीय क्षति, जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको बढ्दो जोखिम र जलवायु न्यायका लागि नेपालको सरोकारलाई अन्तरराष्ट्रिय समुदायसमक्ष तथ्यपूर्ण र सशक्त रूपमा आफ्ना मत प्रस्तुत गर्न पाएको छ ।

जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिवेश र त्यसबाट उत्पन्न जनअपेक्षाबीच गठन भएको नयाँ सरकारका लागि संयुक्त राष्ट्रसङ्घको महासभा आफ्ना प्राथमिकता विश्व समुदायसमक्ष राख्ने महत्वपूर्ण मञ्च बनेको छ । प्रधानमन्त्री शाहले महासभालाई सम्बोधन गर्नाका साथै महासचिव एन्टोनियो गुटेरेससँग पनि भेटवार्ता गर्नुहुनेछ । उहाँको महासभामा पहिलो सम्बोधन र महासचिवसँगको प्रत्यक्ष भेटवार्ता नेपालको वर्तमान राजनीतिक अवस्था, राष्ट्रिय प्राथमिकता र अन्तरराष्ट्रिय सरोकारलाई विश्वमञ्चमा प्रस्तुत गर्ने महत्वपूर्ण अवसरका हो ।

गत वर्षको राजनीतिक परिवर्तनपछि मुलुक नयाँ चरणमा प्रवेश गरेको सन्दर्भमा जनतामा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, प्रभावकारी सार्वजनिक सेवा र जवाफदेही शासनको अपेक्षा बढेको छ । त्यससँगै आर्थिक विकासलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने, गरिबी घटाउने, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार गर्ने तथा राज्यका अवसरमा समान पहुँच सुनिश्चित गर्ने चुनौती पनि उत्तिकै महत्वपूर्ण छन् । भौगोलिक, आर्थिक र सामाजिक विविधताबीच विकासको लाभ सबै नागरिकसम्म पुर्‍याउनु नयाँ नेपालको मूल आवश्यकता हो । प्रधानमन्त्री शाह नेतृत्वको सरकारले यसलाई नै मूल उद्देश्य बनाएको छ ।

नेपालका लागि विकासको अर्थ केवल आर्थिक वृद्धिदर बढाउनु मात्र होइन । सामाजिक न्याय, समान अवसर, लैङ्गिक समानता, समावेशिता र सम्मानजनक जीवनको सुनिश्चितता पनि विकासकै अभिन्न पक्ष हुन् । महिला, दलित, जनजाति, मधेसी, पिछडिएका क्षेत्र तथा आर्थिक रूपमा कमजोर समुदायलाई विकासको मूलधारमा समान अवसर दिनु राज्यको दीर्घकालीन दायित्व हो । त्यसैले नेपालले विश्वमञ्चमा आफ्नो विकासको आवश्यकता प्रस्तुत गर्दा पूर्वाधार र लगानीसँगै मानव विकास, समानता र सामाजिक न्यायका विषयलाई पनि जोड दिनुपर्ने अवस्था छ ।

नेपालले विकासका राष्ट्रिय प्राथमिकता अघि बढाउन अन्तरराष्ट्रिय सहकार्यको आवश्यकता महसुस गर्दै आएको छ । विकासका लागि पूँजी, प्रविधि, सीप, ज्ञान र बजारको पहुँच आवश्यक छ । नेपालजस्तो विकासशील र भूपरिवेष्टित मुलुकका लागि अन्तरराष्ट्रिय साझेदारीको महत्व अझ बढी हुन्छ । दिगो विकासका लक्ष्य हासिल गर्न, रोजगारीका अवसर सिर्जना गर्न, पूर्वाधार विस्तार गर्न र गरिबी न्यूनीकरणलाई गति दिन अन्तरराष्ट्रिय समुदायसँगको सहकार्य महत्वपूर्ण आधार बन्न सक्छ ।

यही विकास यात्रामा जलवायु परिवर्तनले थप चुनौती थपेको छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनका असर नेपालले गम्भीर रूपमा भोगिरहेको छ । हिमाली क्षेत्रको तापक्रम वृद्धि, हिमताल तथा हिमनदीमा भइरहेको परिवर्तन, अनियमित वर्षा, बाढी, पहिरो र अन्य जलवायुजन्य विपद्ले जनजीवन र विकासका पूर्वाधारमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन् । पछिल्लो भोटेकोशी बाढी त्यसको एउटा गम्भीर उदाहरण बनेको छ ।

भोटेकोशी बाढीले जनधनको व्यापक क्षति गर्नुका साथै घर, सडक, पुल, जलविद्युत् आयोजना र अन्य महत्वपूर्ण पूर्वाधारमा अकल्पनीय क्षति पुर्‍याएको छ । विपद्पछि उद्धार, राहत र खोजी कार्यसँगै प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण अबको चुनौती बनेको छ । यस घटनाले नेपालले अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण सिर्जित जोखिम र त्यसको सामना गर्न आवश्यक स्रोत तथा प्रविधिको विषय थप स्पष्ट रूपमा राख्नुपर्ने आवश्यकता पनि देखाएको छ ।

जलवायु परिवर्तनमा नेपालको योगदान न्यून हुनु र त्यसको असर भने तुलनात्मक रूपमा गम्भीर रूपमा भोग्नु नै नेपालको जलवायु न्यायसम्बन्धी सरोकारको मुख्य आधार हो । नेपालले जलवायु न्यायको कुरा गर्दा जिम्मेवारी, क्षमता र प्रभावबीचको असमानतालाई अन्तरराष्ट्रिय बहसमा राख्दै आएको छ । जलवायु अनुकूलन, हानि तथा नोक्सानी, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिमा विकासशील तथा जोखिममा रहेका मुलुकका आवश्यकतालाई सम्बोधन गर्नुपर्ने नेपालको धारणा रहँदै आएको छ ।

यस वर्षको राष्ट्रसङ्घीय महासभा नेपालका लागि जलवायु कूटनीतिक दृष्टिले पनि महत्वपूर्ण छ । यसबारेमा प्रधानमन्त्री शाहले सशक्त रूपमा आफ्ना धारणा प्रस्तुत गर्नुहुनेछ - विश्व समुदायको ध्यानाकर्षण गर्न । यद्यपि महासभामा यसबारेमा बहस हुँदैन । आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप-३१ आयोजना हुँदैछ । त्यसैले न्यूयोर्कमा नेपालको जलवायु सरोकार प्रस्तुत गर्नु अन्ताल्यामा हुने जलवायु सम्मेलनका लागि पनि पृष्ठभूमि तयार गर्ने अवसर हो । यो अवसरको भरपूर उपयोग प्रधानमन्त्री शाहले गर्नुहुनेमा समस्त नेपाली विश्वस्त छन् ।

कोप-३१ मा नेपालले जलवायु न्यायको विषयलाई अझ स्पष्ट र सशक्त रूपमा अघि बढाउनुपर्नेछ । महासभामा नेपालले अहिले भोगिरहेको जलवायुजन्य क्षति, हिमाली क्षेत्रमा बढ्दो जोखिम, विपद्पछिको पुनर्निर्माण र जलवायु वित्तको आवश्यकता अन्तरराष्ट्रिय समुदायसमक्ष राख्नसके त्यसले आगामी जलवायु वार्तामा नेपालको अडानलाई आधार दिनेछ । न्यूयोर्कबाट अन्ताल्यासम्म नेपालको मुख्य सन्देश स्पष्ट हुनुपर्नेछ–जलवायु परिवर्तनमा न्यून योगदान गर्ने तर त्यसको असमान असर भोग्ने मुलुकका रूपमा नेपाललाई न्यायोचित अन्तरराष्ट्रिय सहयोग आवश्यक छ ।

प्रधानमन्त्री शाहको महासभामा सम्बोधनको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री शिशिर खनालले न्यूयोर्कमा गरिरहनुभएको सक्रिय कूटनीतिक संलग्नताले नेपालको सरोकारलाई अर्को तहमा पुर्‍याएको छ । परराष्ट्र मन्त्रालयका अनुसार उहाँले अति कम विकसित मुलुक, भूपरिवेष्टित विकासोन्मुख मुलुक, असंलग्न मुलुक तथा जी-७७ र चीनलगायतका मन्त्रीस्तरीय बैठकमा सहभागी हुने कार्यक्रम छ । साथै उहाँले विभिन्न मुलुकका आफ्ना समकक्षी तथा अन्य उच्च पदाधिकारीसँग द्विपक्षीय भेटवार्ता गरिरहनुभएको छ । न्यूयोर्कमै जापानी विदेशमन्त्रीसँग भएको भेटवार्तामा भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नेपालप्रति जापानको सहयोग र सहकार्यका विषयमा छलफल भएको छ । यसअघि नै परराष्ट्रमन्त्री खनालले भोटेकोशी बाढीबारे कूटनीतिक प्रतिनिधि र अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिलाई जानकारी गराउँदै नेपाललाई खोज, उद्धार, राहत र पुनर्निर्माणमा अन्तरराष्ट्रिय सहयोग आवश्यक रहेको स्पष्ट पार्नुभएको थियो ।

परराष्ट्रमन्त्रीको सक्रियताले प्रधानमन्त्री शाहको महासभा सम्बोधनलाई कूटनीतिक तहबाट थप बल पुर्‍याउने आधार तयार गर्छ । प्रधानमन्त्रीले विश्वमञ्चबाट नेपालको समग्र राष्ट्रिय दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ भने परराष्ट्रमन्त्रीले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय सम्पर्कमार्फत ती राष्ट्रिय सरोकारलाई सम्बन्धित मुलुक र साझेदारसमक्ष पुर्‍याउने काम गरिरहनुभएको छ । यसरी एउटै राष्ट्रिय उद्देश्यलाई फरक तहबाट अघि बढाउने अवसर नेपालले यसपटकको महासभाबाट पाएको छ ।

नेपालका लागि महासभामा सहभागिताको महत्व आफ्ना कुरा राख्नुमा मात्र सीमित छैन । ती कुरा अन्तरराष्ट्रिय समुदायले बुझ्ने, आवश्यक सहयोग र सहकार्यका लागि आधार तयार हुने तथा नेपालका राष्ट्रिय प्राथमिकता अन्तरराष्ट्रिय साझेदारीसँग जोडिने वातावरण निर्माण गर्नु पनि उत्तिकै महत्वपूर्ण छ । विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास र मानव विकासका क्षेत्रमा नेपाललाई दीर्घकालीन साझेदारी आवश्यक छ ।

वर्तमान विश्व बहुआयामिक चुनौतीबीच अघि बढिरहेको छ । विभिन्न क्षेत्रमा द्वन्द्व, भूराजनीतिक तनाव, आर्थिक अनिश्चितता र जलवायु सङ्कटले अन्तरराष्ट्रिय सहकार्यलाई कठिन बनाइरहेका छन् तर यिनै समस्याका कारण बहुपक्षीय सहकार्यको आवश्यकता अझ बढेको छ । नेपालजस्ता मुलुकका लागि संयुक्त राष्ट्रसङ्घको महासभा आफ्नो राष्ट्रिय आवश्यकता र विश्वव्यापी चुनौतीबीच सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण मञ्च हो ।

नेपालले विगतदेखि नै शान्ति, सहअस्तित्व, सार्वभौमिक समानता, अन्तरराष्ट्रिय कानुनको सम्मान र बहुपक्षीय सहकार्यका पक्षमा आफ्नो धारणा राख्दै आएको छ । बदलिएको वर्तमान राजनीतिक परिस्थितिमा पनि यी आधारभूत मान्यतासँगै आफ्ना तत्कालीन र दीर्घकालीन राष्ट्रिय प्राथमिकतालाई विश्वमञ्चमा प्रस्तुत गर्न सकिन्छ । नयाँ सरकारका लागि यो आफ्ना नीति र प्राथमिकताबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने अवसर पनि हो ।

नयाँ नेपाल निर्माणको सङ्कल्प अन्ततः नेपाली नागरिकको जीवनमा देखिने परिवर्तनसँग जोडिएको विषय हो । सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार, समान अवसर र सामाजिक सुरक्षा नागरिकका प्रत्यक्ष अपेक्षा हुन् । यिनलाई पूरा गर्न आन्तरिक प्रयाससँगै अन्तरराष्ट्रिय सहकार्य पनि आवश्यक छ । त्यसैले विश्वमञ्चमा नेपालले राख्ने आवाज राष्ट्रिय आवश्यकता र जनअपेक्षासँग जोडिएको हुनुपर्छ ।

प्रधानमन्त्री शाहको पहिलो राष्ट्रसङ्घीय महासभा सहभागिता यस अर्थमा एउटा औपचारिक कूटनीतिक भ्रमणभन्दा बेग्लै अवसर हो । बदलिएको राजनीतिक परिस्थितिमा नयाँ सरकारका प्राथमिकता प्रस्तुत गर्ने, नेपालको विकास आवश्यकता विश्व समुदायसमक्ष राख्ने, भोटेकोशी बाढीपछिको पुनर्निर्माणका लागि सहयोग खोज्ने र जलवायु न्यायको सवाललाई अन्तरराष्ट्रिय बहसमा थप सशक्त बनाउने अवसरका रूपमा यसलाई उपयोग गर्न सकिन्छ ।

# मन्त्री बादी र आइएफआरसी क्षेत्रीय निर्देशकबीच भेट



काठमाण्डु । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी र अन्तरराष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासंघ(आइएफआरसी) का एशिया प्रशान्त क्षेत्रीय निर्देशक अलेक्जेन्डर म्याथ्युबीच भेटवार्ता भएको छ।

मन्त्रालयमा बुधबार भएको भेटवार्तामा हालै रसुवा, नुवाकोट तथा आसपासका क्षेत्रमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, संरक्षण तथा पुनःस्थापनालाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको मन्त्री बादीको सचिवालयले जनाएको छ। सचिवालयका अनुसार विशेषगरी बाढीबाट प्रभावित महिला, बालबालिका तथा अन्य संवेदनशील समूहको सुरक्षा, संरक्षण र अधिकार सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो।

मन्त्री बादीले विपद्को कठिन समयमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आइएफआरसीले प्रभावित समुदायका लागि गर्दै आएको मानवीय सहयोगप्रति नेपाल सरकारका तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो । उहाँले विपद्का बेला तत्काल राहत उपलब्ध गराउनुका साथै प्रभावित नागरिकको स्वास्थ्य, सुरक्षा, मनोसामाजिक सहयोग र सुरक्षित पुनःस्थापनालाई पनि समान प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

आइएफआरसीले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा बाढी प्रभावित क्षेत्रमा आश्रय, खाद्य सहयोग, खानेपानी तथा सरसफाइ, स्वास्थ्य तथा मोबाइल स्वास्थ्य सेवा र मनोसामाजिक सहयोगलगायतका क्षेत्रमा मानवीय सहायता उपलब्ध गराउँदै आएको छ।

भेटमा यस्ता सहयोगलाई अझ व्यवस्थित, समन्वित र आवश्यकता भएका समुदायसम्म प्रभावकारी रूपमा पुर्‍याउने विषयमा समेत छलफल भएको थियो।

मन्त्री बादीले विपद्को प्रभाव महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहमा थप गम्भीर पर्न सक्ने भएकाले उनीहरूको विशेष आवश्यकता सम्बोधन हुने गरी संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो।

उहाँले सरकार, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्तरराष्ट्रिय मानवीय साझेदारबीचको सहकार्य र समन्वयलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो।रासस

# विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठ नियुक्त

काठमाण्डु । सरकारले विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठलाई नियुक्त गरेको छ।

मन्त्रिपरिषद्को यही असोज २ गतेको निर्णयअनुसार काठमाण्डु महानगरपालिका-१४ निवासी श्रेष्ठलाई बढीमा चार वर्षका लागि बोर्डको अध्यक्ष नियुक्त गरिएको हो । नवनियुक्त अध्यक्ष श्रेष्ठले आज सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

शपथपछि सञ्चारमन्त्री डा तिमिल्सिनाले नवनियुक्त अध्यक्ष श्रेष्ठलाई विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सुधारका लागि परिणाममुखी ढङ्गले काम गर्न निर्देशन दिनुभयो । उहाँले विज्ञापन क्षेत्रलाई व्यवस्थित बनाउन बोर्डले आफ्नो अधिकार र जिम्मेवारीअनुसार प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने



बताउनुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले बोर्डको आवश्यकता, औचित्य र स्वीकार्यता थप स्थापित गर्नेगरी कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले विज्ञापन बोर्डको वर्तमान अवस्था, समस्या, अवसर र सम्भावनाको गम्भीर समीक्षा गरी सुधारका स्पष्ट योजनासहित काम गर्नुपर्ने बताउनुभयो।

विद्यमान कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु अहिलेको प्रमुख चुनौती रहेको उल्लेख गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले बोर्डले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्नुपर्नेबताउनुभयो।लोककल्याणकारी विज्ञापन वितरणलाई समेत वैज्ञानिक, वस्तुनिष्ठ, पारदर्शी र विधिसम्मत बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो।

लोककल्याणकारी विज्ञापन वितरणमा पारदर्शिताको विषयमा महालेखापरीक्षकको कार्यालयले समेत प्रश्न उठाउँदै आएको सन्दर्भ उल्लेख गर्नुहुँदै उहाँले सार्वजनिक स्रोतको पारदर्शी र प्रभावकारी उपयोग सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो।

नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापनसँग सम्बन्धित नीति, ऐन तथा कानुनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले सुशासन र नागरिकलाई सहज सेवा प्रवाहलाई केन्द्रमा राख्दै विज्ञापन क्षेत्र सुधारका लागि नयाँ कार्ययोजना बनाएर अघि बढ्ने बताउनुभयो । नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सञ्चालनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

नेपाल विज्ञापन सङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका श्रेष्ठसँग विज्ञापन तथा सञ्चारक्षेत्रमा लामो अनुभव छ । उहाँलेकाठमाडौँस्थित किङ्गस कलेज र डनबस्को कलेजलगायत शैक्षिक संस्थामा प्राध्यापनसमेत गर्नुभएको छ। रासस

## कार्यव्यवस्था परामर्श समितिको बैठक सम्पन्न



काठमाण्डु। प्रतिनिधिसभाका सभामुख सभामुख डोलप्रसाद (डिपी) अर्यालको सभापतित्वमा प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको बैठक सम्पन्न भएको छ।

बैठकमा प्रतिनिधिसभामा प्रस्तुत गर्न बाँकी रहेका दर्ता विधेयकहरूको सङ्ख्या ठूलो रहेको सन्दर्भमा असोज १६ गतेभित्र ती विधेयकहरूलाई सम्बन्धित समितिमा दफावार छलफलका लागि पठाउने गरी कार्यसम्पादन अघि बढाउने विषयमा परामर्श भएको छ।

उक्त कार्यभार व्यवस्थापनका लागि असोज ८ र १२ गतेसमेत प्रतिनिधिसभाको बैठक सञ्चालन गर्ने तथा २०८३ असोज ७ देखि १६ गतेसम्मको सम्भावित कार्यतालिकाभित्र उपलब्ध कार्यभार व्यवस्थापन गर्ने सम्बन्धमा समितिबाट परामर्श प्राप्त भएको छ। रासस

# सङ्क्रामक पशु रोग नियन्त्रणका लागि कानुनी व्यवस्थामा मन्त्री चौधरीको जोड

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले पशुपन्छी तथा मत्स्य क्षेत्रमा देखिने सङ्क्रामक तथा महामारीजन्य रोगको शीघ्र पहिचान, रोकथाम र नियन्त्रणका लागि स्पष्ट कानुनी व्यवस्था आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा राष्ट्रियसभाबाट उत्पत्ति भएको 'सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री चौधरीले सङ्क्रामक रोग नियन्त्रणका लागि विद्यमान कानुनी व्यवस्था पर्याप्त नरहेको बताउनुभयो।

उहाँले नेपालमा करिब ३४ लाख परिवारको जीविकोपार्जन पशुपन्छीपालनमा आधारित रहेको जानकारी दिँदै किसानले दैनिक करिब ७३ लाख लिटर दूध, १२ लाख ५० हजार किलो मासु र ४८ लाख अण्डा उत्पादन गरिरहेको उल्लेख गर्नुभयो।

पशुमा देखिने विभिन्न रोगका कारण उत्पादनमा कमी, पशु मृत्यु तथा उपचार खर्च बढ्दा किसानको उत्पादन लागतसमेत बढ्ने गरेको उहाँले बताउनुभयो । मन्त्री चौधरीले दूध, मासु र अण्डामा नेपाल आत्मनिर्भर हुँदै निर्यातको चरणमा प्रवेश गरेको अवस्थामा पशुजन्य रोग नियन्त्रण अझ महत्त्वपूर्ण भएको बताउनुभयो।

"पछिल्ला वर्षमा अफ्रिकन स्वाइन फिभर, लम्पी स्किन र बर्ड फ्लुलगायत रोग देखिनुका साथै नेपालमा लामो समयदेखि खोरेत, पिपिआर र रेबिजजस्ता रोगको समस्या रहँदै आएको छ । रेबिज, क्षयरोग, ब्रुसेलोसिस र जापानिज इन्सेफलाइटिसजस्ता जुनोटिक रोगले पशु स्वास्थ्यसँगै मानव स्वास्थ्यमा समेत असर पार्ने भएकाले त्यसलाई समग्र 'एक स्वास्थ्य' अवधारणाअनुसार सम्बोधन गर्नुपर्ने छ," मन्त्री चौधरीले भन्नुभयो, "विद्यमान पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा सङ्क्रामक रोग नियन्त्रणसम्बन्धी केही व्यवस्था भए पनि सङ्घीय शासन प्रणाली, पशुपन्छीपालनको बढ्दो व्यावसायीकरण र पशुजन्य उत्पादनको बढ्दो वैदेशिक व्यापारलाई समेट्न ती व्यवस्था पर्याप्त छैन।"

प्रस्तावित विधेयकले सङ्क्रामक तथा महामारीजन्य रोगको शीघ्र पहिचान, सूचना सम्प्रेषण, अनुगमन, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनका लागि आवश्यक कानुनी आधार तयार गर्ने मन्त्री चौधरीले बताउनुभयो । "सङ्घीयतामा गएपछि कसले के कार्य गर्ने भन्नेमा द्विविधा हुँदा समयमा रोग निदान तथा नियन्त्रण नहुँदा रोग थप फैलिने र ठूलो क्षति हुने सम्भावना रहन्छ," उहाँले भन्नुभयो।

विधेयक कार्यान्वयनमा आएमा प्रारम्भिक चरणमै रोग पहिचान गरी फैलावट रोक्ने, सङ्क्रमित पशु तथा पशुजन्य उत्पादनको ओसार पसार नियन्त्रण गर्ने, आवश्यक परे सङ्क्रमित पशु वा वस्तुको सुरक्षित व्यवस्थापन तथा नष्ट गर्ने र किसानलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था हुने उहाँले जानकारी दिनुभयो । विधेयकमा



सङ्क्रामक रोगको सूचना लुकाउन नपाइने, शङ्कास्पद पशु तथा पशुजन्य पदार्थको निरीक्षण र नमुना सङ्कलनमा सहयोग गर्नुपर्ने, सङ्क्रमित तथा महामारी प्रभावित क्षेत्र घोषणा गर्न सकिने र आवश्यकताअनुसार उपचार, खोप, क्वारेन्टाइन तथा सङ्क्रमित वस्तु नष्ट गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यसैगरी, रोग नियन्त्रणका क्रममा पशु, पशुजन्य पदार्थ, उत्पादन सामग्री तथा रोग फैलाउन सक्ने वस्तुको ओसारपसारमा प्रतिबन्ध लगाउन तथा आवश्यक स्थानमा पशु रोग नियन्त्रण जाँच चौकी स्थापना गर्न सकिने व्यवस्था रहेको मन्त्री चौधरीले बताउनुभयो । विधेयकले सङ्घ, प्रदेश र स्थानीय तहको जिम्मेवारीसमेत स्पष्ट गर्ने उहाँको भनाइ छ। स्थानीयस्तरमा स्थानीय तह, प्रदेशस्तरमा प्रदेश सरकारका सम्बन्धित निकाय तथा राष्ट्रिय र अन्तरप्रदेशस्तरका प्रकोपमा सङ्घीय निकायको भूमिका रहने गरी समन्वयको व्यवस्था प्रस्ताव गरिएको छ।

वैज्ञानिक प्रमाणका आधारमा रोग नियन्त्रण गर्न केन्द्रीय प्राविधिक समन्वय संरचना निर्माण तथा आवश्यकताअनुसार द्रुतप्रतिकार्य टोली (रेपिड रेस्पोन्स टिम) परिचालन गर्ने व्यवस्था पनि विधेयकमा रहेको उहाँले जानकारी दिनुभयो।

नष्ट गरिएका पशु वा पशुजन्य वस्तुको क्षतिका लागि राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन राहत तथा क्षतिपूर्ति कोषको कानुनी आधार विधेयकमा प्रस्ताव गरिएको छ । सूचना लुकाउने, ओसारपसार नियन्त्रणसम्बन्धी आदेश उल्लङ्घन गर्ने, नमुना सङ्कलनमा अवरोध गर्ने वा रोग फैलाउने गतिविधिमा संलग्न हुनेलाई कसुर तथा दण्डको व्यवस्था गरिएको मन्त्री चौधरीले बताउनुभयो।

"सङ्क्रामक पशु रोग कुनै सीमा, पालिका वा प्रशासनिक तह हेरेर फैलिँदैन। एउटा स्थान वा किसानको गोठ वा फार्मबाट सुरु भएको रोग केही दिनमै गाउँ, नगर, जिल्ला, प्रदेश हुँदै देशभर फैलिन सक्छ," उहाँले भन्नुभयो, "त्यसैले रोग नियन्त्रणका लागि हाम्रो कानुन पनि त्यही गतिमा काम गर्न सक्ने हुनुपर्छ।"

मन्त्री चौधरीले राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा विधेयकमाथि विभिन्न चरणमा व्यापक छलफल भएको जानकारी दिनुभयो।

राष्ट्रियसभाका सदस्यले प्रस्तावना, वन्यजन्तुमा सङ्क्रामक रोग नियन्त्रण, प्राविधिक समन्वय समितिमा सरोकारवालाको सहभागिता, पशु र मानवमा सर्ने रोगको एकीकृत नियमन, प्रदेशमा खोप भण्डारण तथा राहत र क्षतिपूर्ति कोष स्थापनालगायत विषयमा संशोधन प्रस्ताव दर्ता गरेको उहाँले बताउनुभयो।रासस

## क्षमता र योग्यताको प्रतिस्पर्धा हुनुपर्नेमा महामन्त्री आचार्यको जोड

दमौली । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का महामन्त्री विपिन आचार्यले पार्टीभित्र नयाँ र पुरानोबीचको प्रतिस्पर्धाभन्दा क्षमता र योग्यताका आधारमा प्रतिस्पर्धा हुनुपर्ने बताउनुभएको छ।

रास्वपा तनहुँले बुधबार आयोजना गरेको विस्तारित बैठकलाई सम्बोधन गर्दै महामन्त्री आचार्यले पार्टीमा नयाँ र पुरानो भन्ने आधारमा विभाजन गर्न नहुने बताउनुभयो । "नयाँ-पुरानो भन्ने कुरा रास्वपामा हुँदैन। तनहुँले पनि यही मर्मलाई अगाडि बढाओस्," उहाँले भन्नुभयो, "तनहुँको पार्टी संरचनामा नयाँ र पुरानोबीच प्रतिस्पर्धाभन्दा पनि को अब्बल छ भन्ने कुराको प्रतिस्पर्धा होस्।"

उहाँले पार्टीभित्र व्यक्तिको क्षमता, योग्यता र योगदानका आधारमा अवसर तथा जिम्मेवारी निर्धारण गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/०८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०६/१४ गते/स्थान : शाखा कार्यालय चपुर, रौतहट | २०८३/०६/१६ गते, शुक्रबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
| १. | नाम : राजेन्द्र प्रसाद साह<br>ना.प्र.नं. १०७९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५५/११/२४<br>बाबुको नाम : रामचन्द्र प्रसाद कलवार<br>बाजेको नाम : महादेव साह कलवार<br>ठेगाना : रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ७<br>हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ | नाम : बबीता कुमारी देवी<br>ना.प्र.नं. ३२३०७१/७३९, जि.प्र.का. रौतहट<br>जारी मिति २०६४/०१/०८<br>पतिको नाम : राजेन्द्र प्रसाद साह<br>ससुरा रामचन्द्र प्रसाद कलवार<br>ठेगाना : रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. वडा नं. ७<br>हाल : रौतहट जिल्ला, गुजरा न.पा. वडा नं. ८ |
| | धितोको विवरण | |
| | राजेन्द्र प्रसाद साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सिम्राभवानीपुर गा.वि.स. ०७ र ०८ स्थित कित्ता नं. १५८ र ३३७ को क्षेत्रफल क्रमशः ०-०-१८ र ०-६-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



# Laxmipur Patari Rural Municipality
## Office of Rural Municipal Executive
### Maheshpur Patari, Siraha
### Madhesh Province, Nepal

## Invitation for Bids

**Date of publication: 2083/06/08**

1. Laxmipur Patari Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders.

| Contract No. | Description of works. | Estimated Amount (without Vat but including Ps) | Bid security amount | Bid document fee |
|---|---|---|---|---|
| LPRM/WORKS/ NCB/01/2083/084 | Raja Harsingh dev mandir ma Retaing wall nirman | Rs.5194100.53 | Rs.155500 | Rs.3000 |
| LPRM/WORKS/ NCB/02/2083/084 | Parsa ko Main Road dekhi Khadakpur samma RCC dhalan | Rs.6045196.95 | Rs.181000 | Rs.3000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Laxmipur patari Rural Municipality maheshpur Patari or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Laxmipur patari Rural Municipality by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000 till 27/06/2083 during office hours in the account as specified below.
   **Name of the Bank:** Kumari bank Limited Laxmipur patari
   **Name of Office:** Laxmipur patari Rural Municipality
   **Office Code no:** 265
   **Account no.:** 2650248355300008
   **Or**
   Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp at no cost.
4. Pre-bid meeting shall be held at Laxmipur Patari Rural municipality at 2:00PM on 20/06/2083
5. Sealed or Electronic bids must be submitted to the office Laxmipur Patari Rural Municipality by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Pm on 29/06/2083. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM on 29/06/2083 at the office of Laxmipur Patari Rural Municipality. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum in above table which shall be valid for 30 days beyond the validity period of the bid
   Information to deposit the Bid Security Amount in Bank:-
   Name of Office: Laxmipur Patari Rural Municipality, Maheshpur Patari,
   Name of Bank: Kumari Bank Laxmipur Patari
   Account No. :-2650248355300003
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

जनकपुर टुडे
२०८३ साल आश्विन ८ गते विहीबार (24 September, Thursday, 2026)

# टी-२० आई अलराउन्डर वरियता : दीपेन्द्र चौथोमा



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली टी-२० आई क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी आईसीसी टी-२० आई अलराउन्डर वरियतामा एक स्थान तल झरेका छन् ।

आईसीसीले मंगलबारसम्मको अपडेट राखी बुधबार अध्यावधि गरेको नयाँ वरियता अनुसार दीपेन्द्र तेस्रोबाट चौथोमा झरेका छन् । उनको रेटिङ अंक २५६ नै कायमै राख्न सफल भएको छ ।

नेपाली पुरुष टोलीले पछिल्लो समय टी-२०आई खेलेको छैन । दीपेन्द्रभन्दा तल रहेका विल ज्याक्सले हालै श्रीलंकासँगको टी-२०आई शृंखलामा गरेको प्रदर्शनका आधारमा तेस्रोमा उक्लिएकाले उनी तल झरेका छन् ।

नेपाली टोलीले अब शुक्रबारदेखि एसियन गेम्सको क्रिकेटमा प्रतिस्पर्धा गर्दैछ । त्यसबेला खेलाडीहरूको प्रदर्शनले वरियता हेरफेर हुन सक्ने जनाइएको छ । अलराउण्डर वरियताको शीर्ष स्थानमा जिम्बाबेका सिकन्दर राजा यथावत् छन् । उनको रेटिङ अंक ३२१ रहेको छ ।

त्यस्तै दोस्रो स्थानमा पाकिस्तानका सायम अयुब रहेका छन् भने अजमतुल्लाह ओमरजाइ पाँचौं स्थानमा छन् ।

# एसियाली खेलकुदः स्क्वासको मिश्रित डबल्समा नेपाल पराजित



काठमाण्डु । जापानमा जारी २०औं एसियाली खेलकुदअन्तर्गत स्क्वासको मिश्रित डबल्समा विपना भ्लोन र अरहन्त सिंहको नेपाली जोडी पहिलो चरणबाटै बाहिरिएको छ ।

नागोयास्थित किन्जो फुतो एरिनामा आज भएको खेलमा नेपाली जोडी पाकिस्तानका आसिम खान र मेहविश अलीसँग २-० को सोझो सेटमा पराजित भएको हो ।

पहिलो सेटमा नेपाल ६-११ ले पछि परेको थियो । सात मिनेट चलेको पहिलो सेटमा पाकिस्तानी जोडीले सुरुआतदेखि नै अग्रता कायम राख्यो । दोस्रो सेटमा भने नेपाली जोडीले प्रतिस्पर्धात्मक खेल देखाए पनि १० मिनेटको खेलपछि पाकिस्तानले ११-१० ले सेट आफ्नो पक्षमा पार्यो ।

दुई सेटमा पराजित भएसँगै विपना र अरहन्तको मिश्रित डबल्सतर्फको एसियाली खेलकुद यात्रा टुङ्गिएको छ । नेपालले जारी एसियाली खेलकुदमा बुधबारसम्म पदक जित्न सकेको छैन ।

मिक्स्ड डबल्समा रुबिन-इभानाको चुनौती समाप्त

एसियाली खेलकुदअन्तर्गत टेबलटेनिसको मिक्स्ड डबल्समा नेपालका रुबिन महर्जन र इभाना थापाको जोडी दोस्रो चरणबाट बाहिरिएको छ । टोयोटास्थित स्काइ हलमा आज भएको खेलमा नेपाली जोडी हङकङका यिउ क्वान टो र एनजी विङ लामसँग ३-० ले पराजित भयो । हङ्कङका खेलाडीले तीनै सेट आफ्नो पक्षमा पार्दै नेपाली जोडीको चुनौती समाप्त गरे ।

इभानाले आजै महिला सिङ्गल्सतर्फ पनि प्रतिस्पर्धा गर्दैछिन् । यस्तै, इभाना र नविता श्रेष्ठको जोडीले महिला डबल्समा बिहीबार प्रतिस्पर्धा गर्ने खेलतालिका छ । रासस

# बीसौँ एसियाली खेलकुदमा नेपालले पदकको खाता खोल्यो



काठमाण्डु । जापानमा जारी बीसौँ एसियाली खेलकुद प्रतियोगितामा तेन्जिङ शेर्पाले नेपाललाई पहिलो पदक दिलाएका छन् । उनको यो पदक बीसौँ एसियाली खेलकुदको पहिलो पदक हो । यसअघि विभिन्न स्पर्धामा प्रतिस्पर्धा गरेता पनि नेपालले पदक जित्न सकेको थिएन ।

जापानको टोयाहाशी जिम्नेसियममा बुधबार भएको कास्य पदकका भिडन्तमा नेपालका कराते खेलाडी तेन्जिङले पुरुष कुमिते ८४ केजीभन्दा माथिको तौल समूहमा नेपाललाई कास्य पदक दिलाएका हुन् ।

उनले लाओसका खेलाडी वाथाना जायासनलाई ९-१ ले पराजित गर्दै कास्य पदक जितेका हुन । त्यसअघि उनी सेमिफाइनल खेलमा इरानका खेलाडी महमुद नेमातीसँग ५-० ले पराजित भएका थिए । रासस

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय गोलबजारको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि., शाखा कार्यालय गोलबजार, सिरहा**

| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | पिता/पतिको नाम | कर्जाको उदेश्य | मि.नं. | सावा रकम रु | २०८३ असोज ४ गते सम्मको ब्याज तथा अन्य | तिर्नुपर्ने जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजदेवी पशु फर्म प्रो. असीया देवी | नरहा ३, सिरहा | सुनर यादव | राजदेव यादव | सहुलियतपुर्ण कर्जा | ५४३ | ३६८५७१४।२८ | ७५४९९०।९३ | ४४४०७०५।२१ | |
| २ | बिकास ज्वलर्स प्रो. निलाम्बर साह सोनार | गोलबजार ६, सिरहा | गेसरी साहु | राम अशिस साह सोनार | व्यापार कर्जा | १६०१ | ४००००००।०० | १२६७६७२।०८ | ५२६७६७२।०८ | |
| ३ | जे.के. ईट्टा उद्योग प्रो. जगदीश कुमार सिंह | मिर्चैया १, सिरहा | भागवत महतो | फौदार महतो | उद्योग कर्जा | ३८७ | १५४५१२१९।४० | ३९०५३८३।४५ | १९३५६६०२।८५ | |
| ४ | देव कन्स्ट्रक्सन प्रो. सरोज कुमार यादव | धनगढीमाई ५ , सिरहा | राम करण यादव | असर्फि यादव | बैंक जमानत दावी कर्जा | ० | ४००००००।०० | ४२०६२७५।३६ | ८२०६२७५।३६ | |
| ५ | अशोक पशुपालन प्रो. चन्द्रदीप यादव | नरहा २ , सिरहा | बहरु यादव | खेकु यादव | पशुपंक्षि पालन कर्जा | १२७० | १५००००००।०० | ६५९३९२।९८ | २१५९३९२।९८ | |
| ६ | एलिसा एक्वाकल्चर प्रो. सँतोषी यादव | नरहा २ , सिरहा | शंकर यादव | धर्मेन्द्र प्रसाद यादव | सहुलियतपुर्ण कर्जा | १३७३ | ४००००००।०० | ६२८२१५।९६ | ४६२८२१५।९६ | |
| ७ | किङ्ग फिसर नमुना एकिकृत कृषि फर्म प्रो. त्रिदेव यादव | खोरिया ३, सिरहा | बौएलाल यादव | टंक प्रसाद यादव | सहुलियतपुर्ण कर्जा | १६८५ | २५६३३३५।९० | ५७१८७१।९३ | ३१३५२०७।८३ | |
| ८ | थ्रि ईन वन एक्वा एग्रो फर्म प्रो. श्रवन कुमार यादव | नरहा ३, सिरहा | राम धारी यादव | बौएलाल यादव | सहुलियतपुर्ण कर्जा | १५१४ | १४००००००।०० | २१०२७६।८९ | १६१०२७६।८९ | |
| ९ | त्रिदेव एक्वा एग्रो एण्ड लाईभस्टक प्रो. टंक प्रसाद यादव | मिर्चैया ११, सिरहा | राम धारी यादव | बौएलाल यादव | सहुलियतपुर्ण कर्जा | १३८१ | ४००००००।०० | ६४५५५१।१४ | ४६४५५५१।१४ | |
| १० | राज फैन्सी प्रो. राज कुमार महतो | धनगढीमाई ७ , सिरहा | सोमन महतो | महाविर महतो | व्यापार कर्जा | १४६१ | १६९४५७८।०३ | १३५६८६८।०९ | ३०५१४४६।१२ | |
| ११ | जगदम्बा मिठाई पसल प्रो. शान्ति देवी साह | चन्द्रअयोध्यापुर १, सिरहा | स्वरुप साह | सत्यनारायण साह | व्यापार कर्जा | ३०८ | २५००००००।०० | ६८७४५१।८१ | ३१८७४५१।८१ | |
| १२ | जय कृष्ण कन्स्ट्रक्सन प्रो. कमल प्रसाद मण्डल | नरहा १ , सिरहा | ब्रज किशोर मण्डल | राम खेलावन मण्डल | व्यापार कर्जा | २६२ | ३००००००।०० | ९२०६९२।५४ | ३९२०६९२।५४ | |
| १३ | रिषि पशु तथा कृषि फर्म प्रो. पवन कुमार सिंह | गोलबजार १० , सिरहा | अवधि महतो | शुभ नारायण महतो | पशुपंक्षि पालन कर्जा | ६२९ | १५००००००।०० | ४२४२६०।१८ | १९२४२६०।१८ | |
| १४ | न्यु कृष्णा ट्रेडर्स प्रो. पवन कुमार सिंह | गोलबजार १० , सिरहा | अवधि महतो | शुभ नारायण महतो | व्यापार कर्जा | ६२९ | २००००००।०० | ८८००२९।०७ | २८८००२९।०७ | |
| १५ | वेलकम मदिरा खरिद विक्रि केन्द्र प्रो. रविता आले मगर | गोलबजार न.पा. ०६ , सिरहा | पदम बहादुर आले मगर | शिव कुमार आले मगर | सेवा कर्जा | ६७२ | १५००००००।०० | ५९२३६८।१५ | २०९२३६८।१५ | |
| १६ | मनोज मोवाईल रिपेयरिङ्ग सेन्टर प्रो. मनोज कुमार साह | गोलबजार ४, सिरहा | लक्ष्मण महतो | रामु साह तेलि | व्यापार कर्जा | १३०९ | १४३५०००।०० | ३४४४५४।७७ | १७७९४५४।७७ | |
| १७ | देवी सः मिल प्रो. राकेश कुमार यादव | नरहा २ , सिरहा | शिवलाल यादव | शुभ नारायण यादव | उद्योग कर्जा | ११७१ | १००००००००।०० | ४३४३०२७।८८ | १४३४३०२७।८८ | |
| १८ | जय माँ लक्ष्मि अँटो मोवाईल सेन्टर प्रो. राकेश कुमार यादव | नरहा १ , सिरहा | शिवलाल यादव | शुभ नारायण यादव | व्यापार कर्जा | ११७१ | १००००००००।०० | २२८४९७८।७२ | १२२८४९७८।७२ | |
| १९ | प्रत्युश ड्रग सेन्टर प्रो. गणेश कुमार यादव | असनपुर ६, सिरहा | असर्फि यादव | कैलाश यादव | व्यापार कर्जा | ५४२ | १८००००००।०० | ३७२२०४।१३ | २१७२२०४।१३ | |
| २० | आदर्श कन्स्ट्रक्सन प्रो. सरोज कुमार साह | गोलबजाार न.पा.४ , सिरहा | अनुप साह | रासलाल साह | जमानत दाबी/हायर पर्चेज कर्जा | ४८१ | २४३००००।०० | ५११८१९।६७ | २९४१८१९।६७ | |
| २१ | शाह हार्डवेयर एण्ड सप्लायर्स प्रो. सरोज कुमार साह | गोलबजार ४, सिरहा | अनुप साह | रासलाल साह | व्यापार कर्जा | ४८१ | ४००००००।०० | ३२६६५९।७६ | ४३२६६५९।७६ | |
| २२ | आदित्य कृषि तथा पशुपंक्षि फर्म प्रो. विनोद कुमार राय | गोलबजार न.पा. २ , सिरहा | बौधु राय अमात | गंगाराम अमात | पशुपंक्षि पालन कर्जा | १६०७ | १७७७६९२।३४ | ४९७८५०।११ | २२७५५४२।४५ | |
| २३ | पवन मत्स्य तथा पशुपालन फर्म प्रो. किशोरी यादव | मिर्चैया -०६ , सिरहा | सिताई यादव | बच्चा यादव | पशुपंक्षि पालन कर्जा | १४२२ | ४००००००।०० | ४९५२११।६३ | ४४९५२११।६३ | |
| २४ | रागनी जेनरल स्टोर प्रो. निरासा कुमारी राय अमात | फुलकाहाकट्टि ६, सिरहा | पचुवा राय | शिव दयाल राय | व्यापार कर्जा | १६३१ | २३१२५००।०० | ४८६३९५।८८ | २७९८८९५।८८ | |
| २५ | रितिका जेनरल स्टोर प्रो. प्रमोद कुमार साह | चन्द्रअयोध्यापुर, सिरहा | सरयुग साह | विष्णु देव साह | व्यापार कर्जा | ६८८ | १००००००।०० | ७६७९५।१ | १०७६७९५।१ | |
| २६ | रोशन मल खाद्य एण्ड जेनरल सप्लायर्स प्रो. शान्ति देवी यादव | नरहा गा.पा. ५ , सिरहा | जय नारायण यादव | जागेश्वर यादव | व्यापार कर्जा | १२२७ | १६५००००।०० | ६३०६७५।४७ | २२८०६७५।४७ | |
| २७ | रुषतम हार्डवेयर एण्ड सप्लायर्स प्रो. जुवे कलाम मियाँ | नरहा ३, सिरहा | सुरजान मिया | मजिद मियाँ | व्यापार कर्जा | ११७९ | २४००००००।०० | ८७६८८।०६ | २४८७६८८।०६ | |
| २८ | जय शम्भु ईट्टा उद्योग प्रो. शक्ति कुमार यादव | सुखिपुर ७, सिरहा | जय नाथ यादव | मटुक यादव | उद्योग कर्जा | १६९४ | २१८२१४२।८७ | ६४२२२४।१८ | २८२४३६७।०५ | |
| २९ | सम्झना सिंह | नरहा २ , सिरहा | तिलक सिंह | मनोज सिंह | व्यापार कर्जा | ६३४ | १९५००००।०० | ३३१२३५।८६ | २२८१२३५।८६ | |
| ३० | चन्दा देवी दनुवार | चन्द्रअयोध्यापुर ६, सिरहा | बिलट सिंह | तिलक सिंह | व्यापार कर्जा | ३६८ | ८८००००।०० | १३५२३८।५७ | १०१५२३८।५७ | |
| ३१ | आरती हजाम | चन्द्रलालपुर २ , सिरहा | घुरन ठाकुर | नेती ठाकुर | सरल कृषि कर्जा | ३१७ | १५०००००।०० | १६५९८।६५ | १६६५९८।६५ | |
| ३२ | आशिष पशु तथा कृषि फर्म प्रो. विनोद कुमार राय | गोलबजार ७ , सिरहा | गोसाई महतो | राम नारायण महतो | पशुपंक्षि पालन कर्जा | १०६९ | २८००००००।०० | ८६२५२७।७१ | ३६६२५२७।७१ | |
| ३३ | अहमद कृषि फर्म प्रा.लि. सं. नेहाल अहमद | देवीपुर १, सिरहा | मैनुदि खाँ | नियाज अहमद | पशुपंक्षि पालन कर्जा | ३८७ | १७१६४४७।३५ | १४७१५२।८३ | १८६३६००।१८ | |
| ३४ | अमिरका देवी राय | महनौर ३, सिरहा | श्यामफल राय | पलट राय | घरायसी कर्जा | ७३२ | ६०००००।०० | २८६४५९।३६ | ८८६४५९।३६ | |
| ३५ | अमृत बहादुर | गोलबजार न.पा. १, सिरहा | जय बहादुर | बम बहादुर | सरल कृषि कर्जा | १८०७ | ५०००००।०० | २१०८१।३३ | ५२१०८१।३३ | |
| ३६ | अनिष ईन्टरप्राईजेज प्रो. रामचन्द्र महतो | चन्द्रलालपुर ७, सिरहा | मेही महतो | पंचि महतो | व्यापार कर्जा | ७१७ | ४००००००।०० | ४०८६९५।६१ | ४४०८६९५।६१ | |
| ३७ | अन्जित कुमार महतो | नरहा १ , सिरहा | बासुदेव महतो | रबिन्द्र महतो | सरल कृषि कर्जा | १८०२ | ७०००००।०० | १६०४८।३१ | ७१६०४८।३१ | |
| ३८ | अनुठी मुखिया | दुर्गापुर ८, सिरहा | मखन मुखिया | हरि बहादुर मुखिया | घरायसी कर्जा | ७६२ | २५०००००।०० | ४६६२५०।६४ | ७१६२५०।६४ | |
| ३९ | आशा देवी यादव | चन्द्रअयोध्यापुर ८ , सिरहा | सोबित यादव | श्याम सुन्दर यादव | सरल कृषि कर्जा | ११०७ | ६०००००।०० | ३६३८८२।८६ | ९६३८८२।८६ | |
| ४० | आशा देवी यादव | नरहा ३, सिरहा | किशोरी यादव | उतिमलाल यादव | सरल कृषि कर्जा | १५३४ | १००००००।०० | २२०२२०।१३ | १२२०२२०।१३ | |
| ४१ | चन्द्रमणि पशुपालन केन्द्र प्रो. चन्द्रमनि यादव | नरहा ३ , सिरहा | जनक यादव | राजेन्द्र यादव | सहुलियतपुर्ण कर्जा | ३६२ | ३३५००००।०० | २३९९३०।८३ | ३५८९९३०।८३ | |
| ४२ | बबिता कुमारी दास | नरहा १ , सिरहा | अवधि दास | बिन्देश्वर दास | सरल कृषि कर्जा | १४१० | १००००००।०० | ३०१४२।२३ | १०३०१४२।२३ | |
| ४३ | भिमदत्त लुङ्गेलि | धनगढीमाई १२, सिरहा | नर मान | हिक बहादुर लुङगेली | व्यक्तिगत ओ.डी. | १८२८ | ८६२०६८।९६ | ९०८०५।७३ | ९५२८७४।६९ | |
| ४४ | विजय ट्रेडर्स प्रो. विजय यादव | बेतौना ५ , सिरहा | रामरुप यादव | बलदेव यादव | व्यापार कर्जा | १२०१ | ५०००००।०० | १८७५९५ | ६८७५९५ | |
| ४५ | विन्दाबासनी पशु फर्म प्रो. कल्पना कुमारी | गोलबजार १, सिरहा | बेद बहादुर हमाल | भिम बहादुर हमाल | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १५११ | ५०००००।०० | ६९४८३।६२ | ५६९४८३।६२ | |
| ४६ | बिन्देश्वर ठाकुर | चन्द्रअयोध्यापुर ७ , सिरहा | हरी ठाकुर | देवनारायण ठाकुर | घरायसी कर्जा | ३१८ | १७०००००।०० | ६३०७९।४२ | २३३०७९।४२ | |
| ४७ | विन्दु कुमार महतो | गोलबजार न.पा.२, सिरहा | सहदेव महतो | सिताराम महतो | सरल कृषि कर्जा | १६१८ | ६०००००।०० | १७९३५।७७ | ६१७९३५।७७ | |
| ४८ | विश्वकर्मा ग्रिल उद्योग प्रो. प्रेम शर्मा | असनपुर ७ , सिरहा | झुखन शर्मा | अनुप शर्मा | उद्योग कर्जा | ० | ३८९२०९।४३ | २६४९०९।५२ | ६५४११८।९५ | |
| ४९ | विश्णु कुमारी कमिनी | असनपुर ७ , सिरहा | सूकदेब बिश्वकर्मा | राम दयाल | घरायसी कर्जा | ४९३ | ३०००००।०० | २२१३१५।१ | ५२१३१५।१ | |
| ५० | बिशमिल्ला पशु तथा कृषि फर्म प्रो. बटुल खातुन | गोलबजार ९, सिरहा | मनिर मिया | नजिकल मिया | सरल कृषि कर्जा | १४१९ | ६०००००।०० | ८९४०५।९ | ६८९४०५।९ | |
| ५१ | चन्दा कृषि फर्म प्रो. श्रवन कुमार सिंह | गोलबजार ९, सिरहा | सुकदेव सिंह | जिवछ सिंह | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १३१८ | ३९०००००।०० | ३९७११।६५ | ३९३९७११।६५ | |
| ५२ | धनेश्वरी ठाकुर | नरहा ३ , सिरहा | राम सरण ठाकुर | सोनेलाल ठाकुर | सरल कृषि कर्जा | ११९४ | १२५००००।०० | ३३३४९०।८ | १५८३४९०।८ | |
| ५३ | धनमन्ति यादव | नङ्गुरवा बल्हि ७, सिरहा | धकन यादव | रघुविर यादव | सरल कृषि कर्जा | २८७ | १००००००।०० | १५५०५९।८५ | ११५५०५९।८५ | |
| ५४ | दिप कुमार ज्यु ठकुरी | मुक्सार १ , सिरहा | मेघ बहादुर | चन्द्र बहादुर ज्यु ठकुरी | सरल कृषि कर्जा | ६०० | ६०००००।०० | ४४७५९।४७ | ६४४७५९।४७ | |
| ५५ | एकासी कुमारी यादव | चन्द्रअयोध्यापुर १, सिरहा | महंथि यादव | विरेन्द्र कुमार यादव | घरायसी कर्जा | ९२७ | ३०००००।०० | १५१००८।८४ | ४५१००८।८४ | |
| ५६ | फुलबन्ति कामती | नरहा १ , सिरहा | मुगेलाल कामती केवट | राम सुनैर कामैत | सरल कृषि कर्जा | १७४४ | ८०००००।०० | २४३२८।८६ | ८२४३२८।८६ | |
| ५७ | गणेश गंगा जेनरल बस्त्रालय प्रो. मोतिलाल यादव | चन्द्रलालपुर ०१ , सिरहा | रामेश्वर यादव | गणेश यादव | व्यापार कर्जा | ९०७ | १५००००००।०० | ११८७९४।१९ | १६१८७९४।१९ | |
| ५८ | गणेश पशुपन्छि तथा कृषि फर्म प्रो. गणेश कुमार महतो | धनगढीमाई ६, सिरहा | लतरु महतो | मनराज महतो | पशुपंक्षि पालन कर्जा | १६०५ | ८५०००००।०० | २०७०४७।३५ | १०५७०४७।३५ | |
| ५९ | गंगियामाई निमार्ण सेवा प्रा.ली. सं. दिपेन्द्र महतो | गोलबजार ०६ , सिरहा | मुनि महतो | कलेश्वर महतो | हायरपर्चेज कर्जा | ९६२ | ३२४१३०१।२८ | १८७४१६६।४२ | ५११५४६७।७ | |
| ६० | घुर्नि कृषि तथा पशुपालन फर्म प्रो. घुर्नि देवी यादव | गोलबजार १२, सिरहा | स्वरुप यादव | सुरेश यादव | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १०९० | १६००००००।०० | २८३८८९।०४ | १८८३८८९।०४ | |
| ६१ | हनुमान कृषि सामग्रि केन्द्र प्रो. नागेश्वर साफि | गोलबजार ०६ , सिरहा | धामी साफि | बिक्रम साफि | व्यापार कर्जा | १५८९ | ३००००००।०० | ४४७२९३।७४ | ३४४७२९३।७४ | |
| ६२ | हीरा पशुपंक्षि तथा कृषि फर्म प्रो. प्रताप लामा | गोलबजार ०३ , सिरहा | ईन्द्रलाल तमाङ्ग | सत्येन्द्र कुमार योञ्जन | पशुपंक्षि पालन कर्जा | १६०० | २७९६४००।५१ | ३०११४५।६१ | ३०९७५४६।१२ | |
| ६३ | ईन्द्र कुमार यादव | मुक्सार २ , सिरहा | रघूनन्दन यादब | भागवत यादब | घरायसी कर्जा | ६७३ | ९८०००००।०० | ३९५४५९।१७ | १३७५४५९।१७ | |
| ६४ | जय हु लक्ष्मि माछा तथा पशु फर्म प्रो. भेसराज ज्यु ठकुरी | गोलबजार १, सिरहा | जय बहादुर | हुप बहादुर ठकुरी | पशुपंक्षि पालन कर्जा | ४७७ | १८००००००।०० | १२९७६५।१७ | १९२९७६५।१७ | |
| ६५ | जशवन्त जेनरल स्टोर प्रो. जनकलाल यादव | नरहा ३, सिरहा | शिवधारी यादव | राजाराम यादव | व्यापार कर्जा | १५७५ | २८००००००।०० | २८३०१२।५८ | ३०८३०१२।५८ | |
| ६६ | जय माँ लक्ष्मि ट्रेडर्स प्रो. निलम पँजियार | गोलबजार ३, सिरहा | ज्ञान कुमार साह | भोला पंजियार | व्यापार कर्जा | १३३७ | १५००००००।०० | ५५९८४९।२७ | २०५९८४९।२७ | |

(बाँकी पृष्ठ ७ मा)

# बीस दिनमा दुई अर्ब ५४ करोड ९३ लाख राजस्व सङ्कलन




मुस्ताङ । मुस्ताङ भन्सार कार्यालयले २० दिनमा रु दुई अर्ब ५४ करोड ९३ लाख राजस्व सङ्कलन गरेको छ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण रसुवागढी-केरुङ नाका पूर्ण रुपमा बन्द भएपछि नेपाल-चीन उत्तरी कोरलानाका हुँदै पैठारी गरिएका मालवस्तुबापत २० दिनमा उक्त राजस्व जम्मा भएको हो । रसुवाको भोटेकोशी बाढीपछि अधिकांश मालवस्तु कन्टेनर तथा विद्युतीय सवारी (इभी) गाडी र कन्टेनर रसुवागढी–केरुङ नाकाबाट रुट परिवर्तन भई कोरलानाका हुँदै नेपाल भित्रिएका हुन् ।

कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार भदौ १० गतेपछि कोरलानाकाबाट भित्रिएका ५६४ कन्टेनर र एक हजार ९० विद्युतीय सवारी (इभी) गाडीको भन्सार जाँचपास भएको जानकारी दिनुभयो ।

केरुङनाकाबाट रुट परिवर्तन भएका र कोरलानाकाबाट नियमित पैठारी हुने मालवस्तुबाट अहिलेसम्मकै छोटो समयमा धेरै राजस्व जम्मा भएको भन्सार प्रमुख चुडालले बताउनुभयो । नेपाल-चीनतर्फका प्रमुख व्यापारी नाका रसुवागढी र तातोपानी नाका पूर्ण रुपमा बन्द अवस्थामा छ। यस्तो अवस्थामा चीनबाट पैठारी गरिने एकमात्रै वैकल्पिक मार्गका रुपमा कोरलानाका बनेको छ।

रसुवागढी नाका पूर्ण रुपमा बन्द नहुँदै भदौ १० गते अघि चालु वर्षको साउन र भदौको ९ गतेसम्म मुस्ताङ भन्सार कार्यालयबाट जम्मा रु ५३ लाख मात्रै राजस्व सङ्कलन भएको थियो । यस अवधिको चालीस दिनमा कोरलानाकाबाट भित्रिएका १६३ वटा विद्युतीय सवारी (इभी) गाडी र १३३ वटा मालवस्तु कन्टेनरको मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास भएको थियो ।

मुस्ताङ भन्सारका अनुसार चालु वर्षको साउन र भदौ महिनामा गरी रु तीन अर्ब सात करोड ९३ लाख राजस्व सङ्कलन भएको छ । प्रमुख चुडालले पहिलो साउन महिनामा रु २६ करोड ३९ लाख राजस्व मुस्ताङ भन्सार कार्यालयमा सङ्कलन भएकोमा दोस्रो भदौ महिनामा रु दुई अर्ब ८१ करोड ५४ लाख राजस्व सङ्कलन भएको हो ।

मुस्ताङ भन्सारका अनुसार चालु वर्षको पहिलो साउन महिनामा सय वटा विद्युतीय सवारी (इभी) गाडी (लिजी-न्हेचुङ) कोरलानाका हुँदै नेपाल भित्रिदा रु १७ करोड ३४ लाख राजस्व सङ्कलन भएको थियो ।

यसैगरी चालु वर्षको भदौ महिनामा एक हजार २५३ वटा विद्युतीय सवारीसाधन (इभी) गाडी नेपाल भित्रिदा रु एक अर्ब ९३ करोड ९७ लाख राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुडालले बताउनुभयो ।रासस

# दशैंमा बजाजको 'गेम अफ पावर' : राइडरका लागि पुरस्कारदेखि च्याम्पियनसँगको भेटसम्म




**टुडे समाचारदाता**

काठमाण्डु। नेपालमा बजाज मोटरसाइकलको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले यस वर्षको दशैंका लागि 'बजाज गेम अफ पावर - खेल्ने हो?' अभियान ल्याएको छ।

अभियानमार्फत बजाजका ग्राहक तथा मोटरसाइकलप्रेमीहरूले मोटरसाइकल खरिदसँगै पुरस्कार जित्ने, डिजिटल रेसमा सहभागी हुने र आफ्ना मनपर्ने च्याम्पियनसँग भेट्ने अवसर पाउनेछन् ।

दशैंको अवसरमा बजाज मोटरसाइकल खरिद गर्ने ग्राहकले १ लाख रुपैयाँसम्मको पुरस्कार पाउनेछन् ।

साथै, स्मार्ट घडी, हस्ताक्षरित सामग्री तथा बजाजका विशेष उपहार जित्ने अवसर पनि रहेको कम्पनीले जनाएको छ।

अभियानको विशेष आकर्षणका रूपमा रवीन्द्र ढाँट, सीआर७ होराआ (सन्जन गौतम) र दीपेन्द्रसिंह ऐरीसँग भेट्ने अवसरसमेत रहेको छ । अभियानअन्तर्गत छनोट भएका विजेताले यी च्याम्पियनहरूसँग प्रत्यक्ष भेटघाट गर्न सक्नेछन् ।

अभियानलाई डिजिटल माध्यममा पनि जोड्दै बजाजले 'पल्सर रेसिङ गेम' ल्याएको छ।

यसमा सहभागीहरूले आफूलाई मनपर्ने च्याम्पियनको पात्र छनोट गरी डिजिटल ट्र्याकमा रेस गर्न सक्नेछन् । सबैभन्दा कम समयमा रेस पूरा गर्ने तथा उत्कृष्ट प्रदर्शन गर्ने सहभागीले हस्ताक्षरित टी-सर्ट, च्याम्पियनका सामग्री तथा बजाजका विशेष उपहार जित्न सक्नेछन् ।

डिजिटल माध्यमको बढ्दो प्रयोगलाई ध्यानमा राख्दै अभियानमा युवाहरूलाई लक्षित विभिन्न गतिविधि समेटिएको कम्पनीले जनाएको छ । यस्ता गतिविधिले युवाहरूलाई बजाजसँग अझ नजिक जोड्नुका साथै उनीहरूमा थप उत्साह र सहभागिता बढाउने अपेक्षा गरिएको छ।

त्यसैगरी, 'शो योर पावर' च्यालेन्जमार्फत राइडर तथा मोटरसाइकलप्रेमीहरूले आफ्नो शक्ति, फिटनेस र पल्सरप्रतिको लगावलाई आफ्नै सिर्जनात्मक शैलीमा प्रस्तुत गर्दै सहभागी हुन सक्नेछन् । यस चुनौतीबाट छनोट भएका विजेताले पनि च्याम्पियनहरूसँग भेट्ने अवसर पाउनेछन्।

गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले भने, 'दशैंमा नयाँ जोश र उत्साहसँगै रमाइलो गर्ने माहोल हुन्छ। यही अवसरमा हाम्रा ग्राहकलाई मोटरसाइकल खरिदसँगै नयाँ अनुभव दिने उद्देश्यले 'गेम अफ पावर' ल्याएका हौं। पुरस्कारदेखि, डिजिटल रेस र च्याम्पियनसँगको भेटसम्म, यस अभियानले ग्राहकलाई सहभागी हुँदै आफ्नो पावर देखाउने अवसर दिनेछ।'

'बजाज गेम अफ पावर - खेल्ने हो ?' मार्फत बजाजले यस दशैंमा मोटरसाइकल खरिदलाई पुरस्कार, प्रतिस्पर्धा र विशेष अनुभवसँग जोड्दै ग्राहकहरूका लागि थप उत्साहपूर्ण अनुभव दिने भएको छ।

# पोखरामा यसरी गरिँदैछ 'फ्लाई दुबई'लाई स्वागत




गण्डकी । दुबई अन्तरराष्ट्रिय विमानस्थलबाट पाँच घण्टाको उडान अवधि पार गर्दै फ्लाई दुबईको बोइङ ७३७ म्याक्स जहाज बुधबार साँझ ६:१५ बजे पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ । दुबई-पोखरा-दुबई नियमित व्यावसायिक उडानअन्तर्गत पहिलोपटक पोखरा अवतरण गर्न लागेको फ्लाई दुबईको जहाजलाई पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा स्वागत गरिएको छ।

विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जहाज अवतरण हुँदासाथ पानीको फोहराले स्वागत गरिने जानकारी दिनुभयो। यात्रुको स्वागतमा सरकारी अधिकारी, पर्यटन सम्बद्ध सङ्घसंस्थाका प्रतिनिधिलगायत सहभागी रहने उहाँले बताउनुभयो । "पहिलो उडानबाट पोखरा आउने यात्रुको स्वागतसँगै पोखरादेखि दुबई जाने यात्रुको बिदाइ पनि गरिनेछ", महाप्रबन्धक निरौलाले भन्नुभयो।

फ्लाई दुबईले दुबई-पोखरा-दुबई सीधा उडान सेवा सुरु गरेका अवसरमा पोखरामा आयोजना गर्न लागिएको औपचारिक स्वागत समारोह भने संयुक्त अरब इमिरेट्स (यूएई) का राजपरिवारका सदस्य शेख अहमद बिन राशिद अल मक्तुमको निधन भएका कारण रद्द गरिएको छ । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष सङ्गीता पौडेलले पहिले पोखरादेखि दुबई जाने यात्रुलाई बिदाइ गरिने बताउनुभयो।

नेपाल पर्यटन बोर्डको सहयोगमा दुबईबाट पोखरा आउने र पोखरादेखि दुबई जाने यात्रुहरुलाई विशेष उपहार प्रदान गरिने उहाँको भनाइ छ। "नाट्टामा आबद्ध व्यवसायीहरु, होटल तथा रेष्टुराँ व्यवसायीहरुले पनि उपहारसहित यात्रुहरुलाई आफ्नो व्यवसायको प्रवर्द्धनात्मक सामग्रीहरु प्रदान गर्नुहुनेछ", अध्यक्ष पौडेलले भन्नुभयो, "सो अवसरमा फ्लाई दुबईबाट पोखरा आउने यात्रुलाई लक्ष्य गरी ल्याइएका विभिन्न छुट योजनाबारे पनि जानकारी गरानेछ।"

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फ्लाई दुबईको नियमित उडानसँगै पोखरा अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएको बताउनुभयो । उहाँले यस उडानबाट पोखराको पर्यटन, व्यापार तथा अन्तरराष्ट्रिय आवागमन थप सहज हुने विश्वास व्यक्त गर्नुभयो । पोखरा-दुबई सीधा उडानले पर्यटकीय राजधानी पोखरा मात्र नभएर मुलुककै सिङ्गो पर्यटन क्षेत्रलाई लाभ पुऱ्याउने प्रमुख आचार्यको भनाइ छ।

नियमित उडान तालिकाअनुसार साँझ ६:१५ बजे अवतरण गरेको फ्लाई दुबईको जहाज आजै साँझ ७:१५ बजे यात्रु र कार्गो लिएर दुबईका लागि उड्ने विमानस्थलका महाप्रबन्धक निरौलाले बताउनुभयो । अन्तरराष्ट्रिय मापदण्डअनुसार फ्लाई दुबईको उडान सेवा सञ्चालनका लागि सम्पूर्ण तयारी पूरा भएको उहाँको भनाइ छ।

"एक साताअघिदेखि नै फ्लाई दुबईको टोली पनि पोखरा आएर प्राविधिक अध्ययन गरेको थियो", उहाँले भन्नुभयो, "विमानस्थलका तर्फबाट गर्नुपर्ने सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय तयारी गरिएको छ, अब मात्र जहाजको पखाईमा छौं।" यसअघि केही वायुसेवा कम्पनीले पोखरादेखि अन्तरराष्ट्रिय उडान सुरु गरे पनि नियमित हुन नसकेकामा फ्लाई दुबईले नयाँ आशा जगाएको उहाँले बताउनुभयो।

पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई सहजता थपिने र यात्राअवधि छोटिँदा खर्च पनि घट्ने उहाँको भनाइ छ। पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधै पोखरा आउन सक्नेछन् । वैदेशिक रोजगारी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ।

सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको थिएन । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो।रासस

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | पिता/पतिको नाम | कर्जाको उदेश्य | मि.नं. | सावा रकम रु | २०८३ असोज ४ गते सम्मको ब्याज तथा अन्य | तिर्नुपर्ने जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६७ | जय माता दी ज्वलर्स सँजय कुमार साह | असनपुर ६, सिरहा | राम खेलावन साह | राम परिक्षण साह सोनार | व्यापार कर्जा | ६८४ | १४८००००।०० | ३२८५६९०१४ | ४७६५६९०१४ | |
| ६८ | जितेन्द्र प्रसाद यादव | धनगढीमाई ७ , सिरहा | असर्फि यादव | ढोढाई यादव | सरल कृषि कर्जा | १४९५ | २००००००।०० | ४२८४७२५ | २०४२८४७२५ | |
| ६९ | कारी देवी यादव | गोलबजार ८ , सिरहा | रामी यादव | सिया लाल यादव | सरल कृषि कर्जा | १५०१ | १००००००।०० | ३६३७०।८४ | १०३६३७०।८४ | |
| ७० | कृष्ण बस्त्रालय प्रो. किसुनदेव यादव | नरहा २ , सिरहा | देव नारायण यादव | पसपति यादव | व्यापार कर्जा | ३३८ | ३००००००।०० | ९१९३२।८८ | ३०९१९३२।८८ | |
| ७१ | कुस्मी कुमारी देवी यादव | अयोध्यानगर ९, सिरहा | राम अषिश यादव | सुनेलाल यादव | सरल कृषि कर्जा | ६९२ | १००००००।०० | ५७३८५।३६ | १०५७३८५।३६ | |
| ७२ | ललिता कुमारी लामा | नरहा २ , सिरहा | राज कुमार मोक्तान | भुमलाल लामा | सरल कृषि कर्जा/ व्यक्तिगत ओ.डी. | १६८७ | २८४०१६३।९० | २३८६५२।४१ | ३०७८८१६।३१ | |
| ७३ | लक्ष्मि किराना पसल प्रो. सहदेब महतो | असनपुर ७ , सिरहा | अवधि महतो | नन्दी महतो | व्यापार कर्जा | ६१० | २५०००००।०० | ४३३९३।६५ | २९३३९३।६५ | |
| ७४ | मदन पशुपालन पर्म प्रो. सुबध महतो | गोलबजार ७ , सिरहा | जुहरी महतो | बालचन महतो | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १०६७ | २००००००।०० | ८४०२०।२१ | २०८४०२०।२१ | |
| ७५ | महालक्ष्मि डेरी उद्योग प्रो. सुजित कुमार महतो | धनगढीमाई ७ , सिरहा | मखन महतो | पंचि महतो | सहुलियतपुर्ण कर्जा | १५२० | ६९००००।०० | २११८९१ | ९०१८९१ | |
| ७६ | महेन्द्र यादव | अयोध्यानगर ३, सिरहा | गनौर यादब | राम नारायण यादब | घरायसी कर्जा | ६९५ | ८०००००।०० | ११७८६२।६९ | ९१७८६२।६९ | |
| ७७ | मकिना खातुन | दुर्गापुर ८, सिरहा | अब्दुल मह्मद | सदिन मिया | व्यापार कर्जा | ४८२ | १५०००००।०० | ७७०७६।०६ | १५७७०७६।०६ | |
| ७८ | मलभोगीया देवी यादव | धनगढीमाई ८, सिरहा | नेवी यादव | राम विलास यादव | सरल कृषि कर्जा | ११९६ | ९९५०००।०० | १२४४६८।३२ | १११९४६८।३२ | |
| ७९ | मानकी देवी मण्डल | गोलबजार १२, सिरहा | भगलु मण्डल | राजदेव मण्डल | घरायसी कर्जा | ६१६ | ३०००००।०० | ३३१८।६८ | ३०३३१८।६८ | |
| ८० | मनोज कुमार यादव | धनगढीमाई ७ , सिरहा | सेवनी यादव | गणपैत यादव | सरल कृषि कर्जा | १५९८ | १००००००।०० | ६५२०४।३५ | १०६५२०४।३५ | |
| ८१ | माया देवी धोवी | अयोध्यानगर ९, सिरहा | राम पृत साफि | राम भगत साफि | सरल कृषि कर्जा | ८९३ | ७०००००।०० | ५७१३७।२६ | ७५७१३७।२६ | |
| ८२ | मिन बहादुर सुशलित् | गोलबजार १, सिरहा | सूर्यदल सूस्लिङ | रंग बहादूर सूस्लिङ | सरल कृषि कर्जा | ११२५ | ५०००००।०० | ४४८६१।४४ | ५४४८६१।४४ | |
| ८३ | मिश्री यादव | बलकावा ६ , सिरहा | बदेश यादव | जगदेव यादव | व्यापार कर्जा | ४४६ | ७९४०००।०० | २४६१९।४७ | ८१८६१९।४७ | |
| ८४ | न्यु शिव एग्रोभेट प्रो. महेश्वर महतो | धनगढीमाई ७ , सिरहा | मधुरी महतो | सुरैत महतो | हायर पर्चेज कर्जा | ७७२ | २३२७५००।०० | ३६८९९६।८४ | २६९६४९६।८४ | |
| ८५ | ओम वाच एण्ड आँप्टीकल प्रो. दिपेन्द्र कुमार सिंह | गोलबजार ०७ , सिरहा | बालचन महतो | जुगेश्वर महतो | व्यापार कर्जा | १०४९ | १६६५०००।०० | ६१९२५२।५४ | २२८४२५२।५४ | |
| ८६ | प्रमेश्वरी हजामनी | अयोध्यागर २, सिरहा | देवलाल ठाकुर हजाम | भोला ठाकुर | घरायसी कर्जा | ५६७ | ७०००००।०० | १०३०३२।०६ | ८०३०३२।०६ | |
| ८७ | पसिन्द्र महतो | देवीपुर ९, सिरहा | शंकर महतो | भुवनेश्वर महतो | सरल कृषि कर्जा | २८३ | १००००००।०० | ३१३२२।२७ | १०३१३२२।२७ | |
| ८८ | फुलेश्वर पशुपालन प्रो. फुलेश्वर महतो | गोलबजार ५, सिरहा | नेवी महतो | जनक महतो | सरल कृषि कर्जा | १०७९ | ५०००००।०० | २८३६५।४१ | ५२८३६५।४१ | |
| ८९ | पीयुश जेनरल स्टोर प्रो. लालो देवी मण्डल | गोलबजार ०७ , सिरहा | पुलकित मण्डल | मुनिलाल मण्डल | व्यापार कर्जा | १४३० | १२०००००।०० | ८०६७०।९१ | १२८०६७०।९१ | |
| ९० | प्रकाश कृषि फर्म प्रो. प्रकाश देवी राय | गोलबजार २, सिरहा | लक्ष्मि राय | सगमलाल राय | पशुपंक्षि पालन कर्जा | १६२८ | ९०००००।०० | २६३०२८ | ११६३०२८ | |
| ९१ | पुलकित यादव | चन्द्रअयोध्यापुर ८ , सिरहा | जदुनन्द यादव | ब्रम्हदेव यादव | सरल कृषि कर्जा | ९४६ | २७५०००।०० | ७८०१।७४ | २८२८०१।७४ | |
| ९२ | रविन वर्कशँप प्रो. राम जुलुम यादव | धनगढीमाई ७ , सिरहा | फुलेश्वर यादव | रघुनाथ यादव | व्यापार कर्जा | १११९ | २८०००००।०० | ५१९९९।६१ | २८५१९९९।६१ | |
| ९३ | राज कृषि फर्म प्रो. उषा खड्गी | गोलबजार १ , सिरहा | प्रेम बहादुर खड्की | मोहन खड्की | पशुपंक्षि पालन कर्जा | १२५३ | २००००००।०० | १६७९३४।७७ | २१६७९३४।७७ | |
| ९४ | राजपति यादव | चन्द्रअयोध्यापुर ७ , सिरहा | सिताराम यादव | गौरी यादव | सरल कृषि कर्जा | ३२० | ८४००००।०० | ४७२२५।७ | ८८७२२५।७ | |
| ९५ | राजेन्द्र कुमार पुलामी | गोलबजार २, सिरहा | कार बहादुर मगर | टेक बहादुर सिंह | सरल कृषि कर्जा | १५६९ | १५०००००।०० | २५१३७।२१ | १५२५१३७।२१ | |
| ९६ | राजेश्वरी मिठाई पसल प्रो. शान्ति साह | गोलबजार ०६ , सिरहा | गुदरी साहु हलुवाई | चन्चल साह हलुवाई | सेवा कर्जा | १५०८ | १५०००००।०० | ९२८९५।२ | १५९२८९५।२ | |
| ९७ | राम अशिष यादव | बलकावा ६, सिरहा | माथवर यादव | राम प्रकाश यादव | घरायसी कर्जा | ५७५ | ८०००००।०० | २११९४०।२५ | १०११९४०।२५ | |
| ९८ | राम दुलारी कोईरी | धनगढीमाई ९, सिरहा | गोपाल महतो | मोति महतो | सरल कृषि कर्जा | १३७८ | १२०००००।०० | ८७४३३।४४ | १२८७४३३।४४ | |
| ९९ | राम सागर साह | मुक्सार १ , सिरहा | राम लोचन साह | अमृता साहु तेलि | सरल कृषि कर्जा | १५१६ | १५०००००।०० | ११७५०९।३५ | १६१७५०९।३५ | |
| १०० | राम उदगार यादव | चन्द्रलालपुर २ , सिरहा | दरभंगी यादब | अजव लाल यादब | व्यापार कर्जा | ९६८ | ४०००००।०० | ४६४२९।६५ | ४४६४२९।६५ | |
| १०१ | राम चन्द्र यादव | चन्द्रअयोध्यापुर १, सिरहा | बंकर यादव | सुरेन्द्र यादव | घरायसी कर्जा | ३०५ | ३३५०००।०० | १२३३०७८ | ४५८३०७८ | |
| १०२ | प्रमेश्वर यादव | गोलबजार ७ , सिरहा | दरभंगी यादब | अजव लाल यादब | सरल कृषि कर्जा | १७७१ | १००००००।०० | २४८०३।९१ | १०२४८०३।९१ | |
| १०३ | रामजतन मंडल | गोलबजार १० , सिरहा | विलेक्षण मंडल | पुलकित मंडल | सरल कृषि कर्जा | १३८२ | ४०००००।०० | १५५३७०।८६ | ५५५३७०।८६ | |
| १०४ | रेश्मा देवी | चन्द्रअयोध्यापुर ८ , सिरहा | सोजाई ठाकुर | गेनाई ठाकुर | व्यापार कर्जा | ३३२ | ५५००००।०० | ६२०२४।२८ | ६१२०२४।२८ | |
| १०५ | रिभा कुमारी महतो | गोलबजार १० , सिरहा | पैतराम महतो | निर्गूण कूमार महतो | घरायसी कर्जा | ८९९ | २८००००।०० | ९२१३७६७ | ३७२१३७६७ | |
| १०६ | सलमान पशुपालन फर्म प्रो. मो. सलमान आलम | नरहा ३, सिरहा | बौका मिया | समिम मियाँ | पशुपंक्षि पालन कर्जा | १७२१ | २३३१२३८।८४ | ४७१५५२।५१ | २८०२७९१।३५ | |
| १०७ | सँजिव किराना पसल प्रो. सुर्य लाल महतो | अयोध्यानगर १ , सिरहा | मधुरी महतो | राज देव महतो | व्यापार कर्जा | १४९ | ७०००००।०० | २९३४९९।५९ | ९९३४९९।५९ | |
| १०८ | सँजिला मोटरसाईकल वर्कशँप प्रो. सँजिला कुमारी | नरहा ५, सिरहा | जय किसुन यादव | ईन्द्रिजित यादव | व्यापार कर्जा | १५३८ | २२०००००।०० | १३४५१४।५८ | २३३४५१४।५८ | |
| १०९ | सन्तोष यादव | नरहा ३ , सिरहा | सहदेव यादव | राम करण यादव | सरल कृषि कर्जा | १२८९ | १७५००००।०० | १९४२२३ | १९४४२२३ | |
| ११० | सपना खाजा घर प्रो. सँजित साह | नरहा १ , सिरहा | बासुदेव साह | विन्देश्वर साह | सेवा कर्जा | १४९१ | २२१५७२।७९ | १४८३९६।३८ | ३६९९६९।१७ | |
| १११ | सौरभ दालमोठ उद्योग प्रो. प्रमिला यादव | नरहा ३, सिरहा | सिंहेश्वर यादव | लखन यादव | व्यापार कर्जा | १४०४ | ७०००००।०० | ५८९४९।२६ | ७५८९४९।२६ | |
| ११२ | शुशिला देवी ठाकुर | चन्द्रअयोध्यापुर ७ , सिरहा | शिव नारायण ठाकुर | उमेशचन्द्र ठाकुर | घरायसी कर्जा | २९४ | ५०००००।०० | २६०२३०।६८ | ७६०२३०।६८ | |
| ११३ | सिरहा पब्लिक स्टेशनरी प्रो. राम बाबु यादव | नरहा ०३ , सिरहा | सिताई यादव | रामदेव यादव | व्यापार कर्जा | १३९५ | २६२९९६७।५० | १३११४४५।६२ | ३९४१४१३।१२ | |
| ११४ | एस पी होस्टल प्रो. सानु माया दास | चन्द्रअयोध्यापुर १ , सिरहा | सिताई यादव | राम प्रकाश यादव | सेवा कर्जा | १६४३ | ४३०२१४४।२२ | ५१७९९८।२९ | ४८२०१४२।५१ | |
| ११५ | सृजना पशुपालन केन्द्र प्रो. पदम श्रेष्ठ | गोलबजार ७ , सिरहा | मोतिलाल श्रेष्ठ | जनक लाल श्रेष्ठ | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | ७७१ | ९९००००।०० | १९९७३२।३१ | ११८९७३२।३१ | |
| ११६ | सुकनी पशुपालन तथा कृषि फर्म प्रो. सुकनी यादवनी | नरहा ३, सिरहा | स्वरुप यादव | बिक्कु यादव | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १६५९ | १३०७४०७।४० | ११८५३३।७३ | १४२५९४१।१३ | |
| ११७ | सुकुमारी देवी साह | गोलबजार ११, सिरहा | पुलकित साह | राजिन्द्र साह | सरल कृषि कर्जा | ११४८ | ५०००००।०० | १३१८१।७ | ५१३१८१।७ | |
| ११८ | सुरुचि ट्रेडर्स प्रो. पुनम कुमारी कलवार्नि | गोलबजार ११, सिरहा | जगरनाथ प्रसाद कलबार | सँजय कुमार साह | व्यापार कर्जा | ११७२ | २९५००००।०० | २०५३२९।७३ | ३१५५३२९।७३ | |
| ११९ | शुसान्त पशुपालन तथा कृषि फर्म प्रो. गुडिया कुमारी साह यादव | गोलबजार ९, सिरहा | गुलावचन्द साह | किशोरी साह | व्यवसायिक कृषि तथा पशुपालन कर्जा | १७१२ | ६६५८९०।६५ | ६५९२७२३ | ७३१८१७८८ | |
| १२० | यादव किराना पसल प्रो. दिलिप कुमार यादव | नरहा गा.पा. २ , सिरहा | सन्त यादव | नन्दा यादव | व्यापार कर्जा | ४७५ | २६५१९५१।२४ | ३३४००६ | २९८५९५७।२४ | |
| १२१ | आभाष पशुपंक्षि तथा कृषि फर्म प्रो. गैरी लामा | गोलबजार न.पा. ३, सिरहा | तुल बहादुर मोक्तान | गंगालाल पाख्रिन | पशुपंक्षि पालन कर्जा | १६३८ | १३२५०००।०० | ८९८४९।३ | १४१४८४९।३ | |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# मधेश प्रदेशबाट आरजु राईस मिलले ३९ करोड बढीको धान किन्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व सहमति अनुसार देशकै ठूलो राईस मिल भनिएका आरजु राइस मिलले मधेस प्रदेशबाट १० हजार टन धान खरिद गर्ने भएको छ।

सर्लाही र रौतहटबाट उक्त परिमाणमा धान खरिद गर्न लागेको कम्पनीले जनाएको छ। प्रस्तावित खरिदको कुल मूल्य करिब ३९ करोड रुपैयाँभन्दा बढी हुने अनुमान गरिएको छ।



आरजु राइस मिलका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतले मधेस प्रदेशका मुख्यमन्त्रीलाई यहाँका किसानले उत्पादन गरेको धानलाई पूर्वघोषित न्यूनतम समर्थन मूल्यका आधारमा खरिद गर्ने र किसानलाई बजारसँग प्रत्यक्ष जोड्ने पहल अघि सारेको भनी पत्र पठाइसकेको कम्पनीले जनाएको छ।

मिलको प्रस्ताव अनुसार किसानले न्यूनतम समर्थन मूल्यको वास्तविक लाभ लिन सकुन् भन्ने उद्देश्यले बजार, ढुवानी, संकलन तथा गुणस्तर व्यवस्थापन एकीकृत रूपमा अघि बढाइने जनाएको छ।

मधेस प्रदेश नेपालको प्रमुख धान उत्पादन क्षेत्रमध्ये एक भए पनि किसानले उत्पादनपछि उचित बजार, मूल्य तथा ढुवानी समस्या भोग्दै आएका छन् । सरकारले न्यूनतम समर्थन मूल्य निर्धारण गरे पनि किसानले धान खरिद केन्द्र वा मिलसम्म पुर्‍याउँदा लाग्ने ढुवानी खर्चका कारण त्यसको पूर्ण लाभ लिन नसक्ने अवस्था देखिएको छ।

आरजु राइस मिलले किसानबाट पूर्वघोषित न्यूनतम समर्थन मूल्यका आधारमा धान खरिद गरी किसानका लागि निश्चित बजार सिर्जना गर्ने लक्ष्य राखेको छ । मिलले तोकिएको गुणस्तर अनुसार धानको मूल्य निर्धारण गर्ने र गुणस्तर राम्रो भए थप मूल्य प्राप्त गर्न सकिने व्यवस्था प्रस्ताव गरेको छ । यसले किसानलाई उत्पादन बेच्न बजार खोज्दै हिँड्नुपर्ने बाध्यता कम गर्नुका साथै मूल्यमा हुने अनिश्चितता घटाउने अपेक्षा गरिएको छ।

यस पहलबाट किसानलाई मुख्यरूपमा सुनिश्चित बजार, उचित मूल्य, बिचौलियामाथिको कम निर्भरता, कटानीपछिको नोक्सानी न्यूनीकरण तथा सामूहिक रूपमा धान बिक्री गर्ने अवसर प्राप्त हुने अपेक्षा गरिएको छ । किसान समूह, किसान उत्पादक संस्था तथा सहकारी मार्फत धान संकलनलाई व्यवस्थित गर्न सकिए ढुवानी तथा अन्य लागत समेत घटाउन सकिने मिलको धारणा छ।

मसिनो जातको धानलाई मिल गेटसम्म पुर्‍याउँदा, २० प्रतिशत चिस्यान र ५ प्रतिशतसम्म भुस (खकडी) भएकालाई प्रतिक्विन्टल ३ हजार ५ सय तोकिएको छ । त्यसैगरी चिस्यान कम भए एक प्रतिशत चिस्यान बराबर १ हजार २ सय ग्राम थपिने छ भने एक प्रतिशत भुस बराबर १ किलो थप हुनेछ।

उदाहरणका लागि यदि धान राम्रो छ र चिस्यान १४ प्रतिशत र खकडीविनाको छ भने धानको मूल्य प्रतिक्विन्टल ३ हजार ९ सय ६२ रुपैयाँ कायम हुने प्रस्ताव गरेको छ।

किसानले न्यूनतम समर्थन मूल्यको वास्तविक लाभ लिन धान मिल वा खरिद केन्द्रसम्म पुर्‍याउँदा लाग्ने ढुवानी खर्च महत्त्वपूर्ण हुने भएकाले आरजु राइस मिलले मधेस प्रदेश सरकारलाई ढुवानीमा आवश्यक सहयोग तथा सहजीकरणको नीतिगत व्यवस्था गर्न आग्रह गरेको छ।

मिलले धान खरिद गर्दा गुणस्तर, तौल, मूल्य तथा भुक्तानी प्रक्रिया पारदर्शी राख्ने प्रतिबद्धता जनाएको छ।

प्रदेश सरकारको नीतिगत सहकार्य र निजी क्षेत्रको बजार तथा व्यवस्थापन क्षमता किसानसँग प्रभावकारी रूपमा जोड्न सकिए मधेस प्रदेशको धान खेतीलाई थप व्यावसायिक, प्रतिस्पर्धी र लाभदायी बनाउन महत्त्वपूर्ण योगदान पुग्ने आरजु राइस मिलको विश्वास छ।

## प्रदेशलाई साक्षर बनाउने निर्देशिका स्वीकृत

# कुनै वडा साक्षर नभएका पालिका पनि साक्षर, भत्तामुखी कार्यक्रमहरुमा जोड

**नेपालका सात प्रदेशमध्ये साक्षरता दरका हिसाबले सबैभन्दा पछाडि परेको मधेश प्रदेशलाई साक्षर बनाउने उद्देश्य सकारात्मक भए पनि निर्देशिकाका प्राविधिक, व्यावहारिक र नीतिगत व्यवस्थाहरूको गहिरो अध्ययन गर्दा कार्यान्वयनमा गम्भीर प्रश्न र कमी-कमजोरीहरू देखिएका छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशलाई चालु आर्थिक वर्षमै साक्षर बनाउने उद्देश्यले “साक्षर मधेश प्रदेश घोषणा निर्देशिका, २०८३“ ल्याएको छ।

प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयले प्रदेशभित्रका १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर नागरिकहरूलाई साक्षर बनाई प्रदेशलाई ‘साक्षर प्रदेश’ घोषणा गर्ने लक्ष्यका साथ भदौ १५ गते मन्त्रिस्तरीय निर्णयबाट ती निर्देशिका स्वीकृत गरिएको हो।

शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहस्तरबाट स्वीकृत उक्त निर्देशिका अनुसार आगामी २०८४ साल असार मसान्तभित्र प्रदेशका सम्पूर्ण निरक्षरताको बक्यौता फछ्यौट गरी प्रदेशलाई साक्षर बनाउने गर्ने कार्ययोजना समावेश गरिएको छ।

नेपालका सात प्रदेशमध्ये साक्षरता दरका हिसाबले सबैभन्दा पछाडि परेको मधेश प्रदेशलाई साक्षर बनाउने उद्देश्य सकारात्मक भए पनि निर्देशिकाका प्राविधिक, व्यावहारिक र नीतिगत व्यवस्थाहरूको गहिरो अध्ययन गर्दा कार्यान्वयनमा गम्भीर प्रश्न र कमी-कमजोरीहरू देखिएका छन्।




निर्देशिकामा थ्रेसहोल्ड, मोडल कक्षा सञ्चालन, साक्षरको परिभाषा, मातृभाषालाई मान्यता लगायतका व्यवस्था समेटिएको छ । कूल लक्षित जनसंख्या (१५-६० वर्ष) को न्यूनतम ९५ प्रतिशत साक्षर भएको अवस्थामा मात्रै सम्बन्धित वडा, स्थानीय तह, जिल्ला र प्रदेशलाई क्रमशः साक्षर घोषणा गर्न सकिनेसहितका थ्रेसहोल्डको व्यवस्था छ।

कक्षा १०-१२ माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई स्वयम्सेवक सहजकर्ताका रूपमा खटाइनेछ। ’व्यक्ति प्रणाली वा ’समूह प्रणाली’ मार्फत ५ जना विद्यार्थीसम्मलाई दैनिक २ घण्टाका दरले ३० कार्यदिनमा साक्षरता कक्षा पूरा गर्ने योजना छ। ती कक्षा संचालन गैरसरकारी संघ संस्था वा साझेदार संस्थाबाट मात्र सञ्चालन गरिने व्यवस्था निर्देशिकामा गरिएको छ।

नेपाल सरकारले तोकेका १२ वटा साक्षरताका सूचकहरूमध्ये न्यूनतम ६ वटा सूचक मात्र पूरा गरेको अवस्थामा व्यक्तिलाई साक्षर मानिने भनिएको छ भने मातृभाषामा साक्षरता सीप हासिल गरेका व्यक्तिलाई पनि साक्षर सरह गणना गरिने व्यवस्था सो निर्देशिका गरिएको छ । निर्देशिकाको गहिरो अध्ययन गर्दा कागजमा तय गरिएका लक्ष्यहरू व्यावहारिक धरातलभन्दा निकै टाढा र विरोधाभास देखिन्छ।

निरक्षर व्यस्कलाई कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले मात्र पढाउने अपरिपक्व मोडलले ती साक्षरताको कतिको गुणस्तरीयता होला भन्नेमा शंका छ । किनकी पढाउने मुख्य जिम्मेवारी पाएका विद्यार्थी आफै अध्ययनको दबाव र बोर्ड परीक्षाको तयारीमा रहेका बेला मात्र एकदिने अभिमुखीकरणका भरमा प्रभावकारी रूपमा पढाउन सक्छन् भन्ने सोच व्यावहारिक देखिँदैन।

आधारभूत लेखपढ, साधारण गणित र १२ मध्ये ६ वटा सूचक हासिल गर्न दैनिक २ घण्टाका दरले ३० कार्यदिन (कूल ६० घण्टा) को समय निकै कम हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साक्षरता मापदण्ड अनुसार वयस्क साक्षरताका लागि कम्तीमा १२० देखि १५० घण्टाको सिकाइ आवश्यक मानिन्छ । ६० घण्टाको द्रुत कक्षाले ’कागजी साक्षर’ मात्र जन्माउने जोखिम उच्च छ।

यसका साथै निर्देशिकाको दफा ३ र ४ मा तथ्यांक संकलनका लागि वडा अध्यक्ष र वडा सचिवको सिफारिसलाई मात्र आधिकारिक मानिने भनिएको छ । तर, मधेशका कतिपय दुर्गम वडाहरूमा वास्तविक निरक्षरहरूको अद्यावधिक ’डिजिटल डाटाबेस’ छैन । बिना कुनै डिजिटल प्रणाली केवल हस्तलिखित/कागजी सिफारिसका आधारमा काम गर्दा नक्कली वा हेरफेर गरिएको तथ्यांक पेश गर्न सकिने जोखिम बढी छ।

निर्देशिकाको अनुसूची-१ मा विनियोजित बजेट खर्च गर्ने शीर्षकहरूमा बैठक भत्ता, प्रचार-प्रसार, गोष्ठी, सम्मेलन, र अनुगमनलाई प्रमुखता दिइएको छ। तर, कक्षा सञ्चालन गर्ने स्वयम्सेवक विद्यार्थीका लागि प्रोत्साहन, सिकाइ सामग्री व्यवस्थापन र दुर्गम क्षेत्रका कक्षा सञ्चालनका लागि ठोस प्रोत्साहन बजेटको स्पष्ट उल्लेख छैन। यसले कार्यक्रम ’प्रशासनिक खर्च र भत्ता’ मा मात्र सीमित रहेको देखिन्छ।

निर्देशिकाको दफा १६ (च) मा “स्थानीय तहको समग्र ९५ प्रतिशत जनता साक्षर भएमा कुनै वडा साक्षर घोषणा नभएको भएपनि साक्षर स्थानीय तह घोषणा गर्न सकिने“ भन्ने लचिलो र विरोधाभासपूर्ण व्यवस्था गरिएको छ। यसले पछाडि परेका वा अति-विपन्न वडाका निरक्षर नागरिकलाई छुटाएरै बजेट सिध्याउने र साक्षरताको फर्जी तथ्यांक सार्वजनिक गर्ने बाटो खुला गरेको देखिन्छ।

# नेकपा मधेश प्रदेशद्वारा बाढीपीडितलाई कम्बल वितरण

**टुडे समाचारदाता**

रसुवा । भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवाका बाढीपीडित परिवारलाई नेपाली कम्युनिष्ट पार्टी (नेकपा) मधेश प्रदेशले राहतस्वरूप एक हजार एक सयभन्दा बढी थान न्यानो कम्बल वितरण गरेको छ।

बाढीबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउने उद्देश्यले नेकपा मधेश प्रदेशको आयोजनामा बुधबार रसुवामा भोटेकोशी-त्रिशूली बाढीपीडित राहत वितरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नेकपाका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको अगुवाइमा मधेश प्रदेशका नेता तथा कार्यकर्ताबाट संकलन गरिएको रकमबाट खरिद गरिएका न्यानो कम्बल बाढीपीडितलाई वितरण गरिएको छ।




सो कार्यक्रममा सहसंयोजक नेपालले बाढीपीडित परिवारलाई कम्बल हस्तान्तरण गर्दै विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्नु राजनीतिक दल तथा समाजका सबै पक्षको साझा दायित्व भएको बताए । बाढीका कारण प्रभावित बनेका परिवारलाई तत्काल आवश्यक राहत सामग्री उपलब्ध गराउने उद्देश्यले मधेश प्रदेशका नेता तथा कार्यकर्ताबाट सहयोग रकम संकलन गरी कम्बल वितरण गरिएको बताइएको छ।

बाढीका कारण घर, बस्ती तथा दैनिक जीवन प्रभावित भएका नागरिकलाई जाडोबाट जोगाउन न्यानो कम्बल वितरण गरिएको आयोजकले जनाएको छ। राहत वितरणका क्रममा बाढीपीडित परिवारसँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको अवस्था र समस्याबारे समेत जानकारी लिइएको थियो।

सो कार्यक्रममा नेकपाका नेताहरू नारायणकाजी श्रेष्ठ, राजेन्द्र पाण्डे, नेकपा मधेश प्रदेशका इन्चार्ज महेन्द्र राय यादव, श्रीप्रसाद साह लगायतका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो।

नेकपा मधेश प्रदेशको पहलमा संकलित रकमबाट खरिद गरिएको राहत सामग्री बाढीपीडितसम्म पुर्‍याइएको छ । प्राकृतिक विपद्का कारण समस्यामा परेका नागरिकलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको नेकपा मधेश प्रदेशले जनाएको छ।

भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीका कारण रसुवाका विभिन्न क्षेत्र प्रभावित भएका थिए । बाढीले स्थानीयको जनजीवनमा असर पारेपछि विभिन्न राजनीतिक दल, सामाजिक संस्था तथा अन्य संघसंस्थाले राहत तथा सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

राहत वितरण कार्यक्रममा सहभागी नेताहरूले विपद्का समयमा पीडित नागरिकलाई राहत तथा पुनःस्थापनाका लागि आवश्यक सहयोग निरन्तर उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए। तत्कालीन राहतसँगै बाढीबाट क्षतिग्रस्त भौतिक संरचना, घर तथा जीविकोपार्जनका साधनको पुनःस्थापना आवश्यक रहेको उनीहरूको भनाइ थियो।

नेकपाले मधेश प्रदेशका नेता तथा कार्यकर्ताबाट संकलन गरेको रकमबाट गरिएको कम्बल वितरणलाई विपद्मा परेका नागरिकप्रति ऐक्यबद्धता र सहयोगको रूपमा लिएको जनाएको छ । राहत वितरणसँगै बाढीपीडितको अवस्था बुझ्ने तथा आगामी दिनमा आवश्यक सहयोगका लागि पहल गर्ने प्रतिबद्धतासमेत नेताहरूले व्यक्त गरेका छन्।

**हुलाक सेवाः नागरिकको विश्वास**

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसंग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रुपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८